संघीय संसद

प्रतिनिधि सभा

# कानून, न्याय तथा मानव अधिकार समिति

# वार्षिक प्रतिवेदन, २०७७



**संघीय संसद सचिवालय**

**सिंहदरबार, काठमाण्डौं**

फोन नं. ०१–४२००१७२

संघीय संसद

प्रतिनिधि सभा

**कानून, न्याय तथा मानव अधिकार समिति**

# वार्षिक प्रतिवेदन, २०७७

**संघीय संसद सचिवालय**

**सिंहदरबार, काठमाण्डौं**

फोन नं. ०१–४२००१७२

# विषयसूची

## परिच्छेद : १
## प्रारम्भिक


| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १–२ |
| १.२ | समितिको गठन र कार्यक्षेत्र | २–३ |
| १.३ | समितिको काम, कर्तव्य र अधिकार | ३–४ |
| १.४ | कार्यविधि र प्रक्रिया | ४–५ |
| १.५ | परिसीमा | ५ |
| १.६ | प्रतिवेदनको संरचना | ६ |


## परिच्छेद : २
## सम्पादित कार्य


| | | |
|---|---|---|
| २.१ | समितिको बैठक, निर्णय तथा निर्देशन | ७–२० |
| २.२ | विधायन सम्बन्धी कार्य | २० |
| २.३ | अन्य कार्य | २०–२१ |
| २.४ | कार्यसम्पादनमा देखा परेका समस्या | २१ |


## परिच्छेद : ३
## निष्कर्ष तथा सुझाव


| | | |
|---|---|---|
| ३.१ | निष्कर्ष | २२–२३ |
| ३.२ | सुझाव | २३–२४ |

# अनुसूची

## अनुसूची – १

समितिमा रहनुभएका माननीय सदस्यहरुको नामावली

## अनुसूची – २

समिति सचिवालयसँग सम्बद्ध कर्मचारीहरुको नामावली

## अनुसूची – ३

प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ सम्बन्धी समितिको प्रतिवेदन, २०७६

## अनुसूची – ४

प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५ सम्बन्धी समितिको प्रतिवेदन, २०७६

## अनुसूची – ५

मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (२०७६/७७–२०८०/८१) को मस्यौदा उपर टिप्पणी तथा सुझाव

# मन्तव्य

सम्माननीय सभामुख महोदय,

राज्यको उत्पत्तिसँगै जनताको हित र कल्याणका निमित्त विभिन्न स्वरुपका शासन प्रणालीको अवलम्बन हुँदै आएका छन् । राज्यले अवलम्बन गर्ने शासन प्रणालीमा समयानुकुल परिवर्तन आए तापनि मानिसको नैसर्गिक र जन्मसिद्ध अधिकारको रुपमा रहेको मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति सम्बन्धी दायित्व राज्यको नै रहेको छ । बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणालीको सुनिश्चित गरिएको नेपालको संविधानमा लोकतन्त्रको संस्थागत विकासका लागि मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्दै विधिको शासन कायम गर्ने कुरालाई विशेष जोड दिइएको छ । हामीले अवलम्बन गरेको शासन प्रणालीमा शक्तिको सर्वोच्च स्रोत नेपाली जनतामा निहित रहेको छ ।

सार्वभौमसत्ता सम्पन्न जनताको मतबाट निर्वाचित जनप्रतिनिधिहरुले प्रतिनिधित्व गर्ने वैधानिक थलो संसद हो । संविधानको सर्वोच्चता, विधिको शासन, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, आवधिक निर्वाचन जस्ता लोकतन्त्रका मूलभूत मान्यतालाई आत्मसात गर्दै यो समिति कानून निर्माणमा कटिबद्ध रहेको छ ।

नेपालको संविधानको धारा ९७ र प्रतिनिधि सभा नियमावली २०७५ को नियम १७० बमोजिम प्रतिनिधि सभा अन्तर्गत गठन भएका १० वटा विषयगत समितिमध्ये यस समितिको कार्यक्षेत्रभित्र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, न्याय परिषद्, न्याय सेवा आयोग, महान्यायाधिवक्ताको कार्यालय र मानव अधिकार रहेको छ भने नियमावलीको नियम १७५ मा यसको काम कर्तव्य र अधिकार तोकिएको छ ।

सभामुख महोदय,

व्यक्तिको जन्मसिद्ध, नैसर्गिक, अविभाज्य, प्राकृतिक, विश्वव्यापी र अहरणीय अधिकारको रुपमा रहेको मानव अधिकारको संरक्षण, सम्बर्द्धन र परिपूर्ति गर्ने दायित्व राज्यको भएको हुँदा सो सम्बन्धमा यस समितिले मानव अधिकारको उल्लघंन हुन नदिन सरकार र सम्बन्धित पक्षलाई समय समयमा सचेत गराउँदै आएको छ । कार्यसम्पादनको सिलसिलामा यस समितिले आफ्नो कार्यक्षेत्रभित्र रहेका निकायहरु, उक्त निकायका पदाधिकारी, सरोकारवाला निकाय र मानव

अधिकारसँग सम्बन्धित विषयमा पर्याप्त छलफल, परामर्श र समन्वय गर्दै आवश्यक निर्देशन दिएको व्यहोरा यस सम्मानित सदन समक्ष जानकारी गराउन चाहन्छु । यस प्रतिवेदन अवधिभर समितिको १५ वटा बैठक बसी नियमित र अन्य समसामयिक विषयमा छलफल भएको व्यहोरा समेत अवगत गराउन चाहन्छु ।

त्यस्तै, यसै अवधिमा समितिका सम्पूर्ण माननीय सदस्यहरु, गण्डकी प्रदेश सभाका सदस्यहरु र संवैधानिक क्षेत्रका विज्ञहरुको सहभागितामा पहिलो प्रादेशिक संवैधानिक सम्मेलन पोखरामा सम्पन्न गरी संविधानका अन्तरवस्तु र यसको कार्यान्वयनका सम्बन्धमा प्रकाश पार्ने काम भएको छ । अन्तर्राष्ट्रिय संसदीय अभ्यास र मानव अधिकारसँग सम्बन्धित विषयमा विदेशी विज्ञलाई समेत आमन्त्रित गरी अन्तरक्रियात्मक बैठक सम्पन्न भएको छ । त्यसैगरी मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आ.व.२०७६/७७-२०८०/८१) माथि घनीभूत छलफल गरी उक्त छलफलमा माननीय सदस्यहरुले राख्नुभएका विचार र विज्ञबाट प्राप्त सुझावलाई एकीकृत गरी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको छ ।

सभामुख महोदय,

संसदको प्रमुख कार्य विधि निर्माणमा पनि यस समितिले सफलता हासिल गरेको छ । यस सन्दर्भमा समितिमा प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ र प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५ गरी दुईवटा विधेयक प्राप्त हुन आएका थिए । उक्त दुवै विधेयक राष्ट्रिय सभामा उत्पत्ति भई प्रतिनिधि सभाबाट दफावार छलफलको लागि यस समितिलाई प्राप्त भएका थिए । यसरी प्राप्त भएका दुवै विधेयक उपर समितिले यथासमयमै सरोकारवालाको सहभागितामा घनीभूत छलफल गरी आवश्यक परिमार्जनसहित सर्वसम्मतिले पारित गरी सोको प्रतिवेदन प्रतिनिधि सभामा पेश गरेकोमा उक्त दुवै विधेयक सभाबाट पारित भईसकेका छन् । समितिमा विधेयक उपर छलफल गर्ने क्रममा सम्बन्धित क्षेत्रका विज्ञ र अन्य सरोकारवालाहरुलाई समितिको बैठकमा आमन्त्रण गरी सरोकारवालाहरुबाट प्राप्त सुझावलाई आवश्यकता र औचित्यका आधारमा ग्रहण गरिएको छ । समितिले आफ्नो जिम्मेवारी र कार्यक्षेत्रअन्तर्गत परेका ऐनमा तदारुकताका साथ छलफल गरी संविधाान र कानुनद्धारा निर्देशित महत्वपूर्ण र गहनतम् जिम्मेवारी यथासमयमै सम्पन्न गरेको छ ।

सभामुख महोदय,

विश्वभर महामारीको रुपमा फैलिएको कोभिड–१९ ले मानव जातिको अस्तित्वमाथि नै भयावह संकट सिर्जना गरिरहेको वर्तमान जटिल एवं कठीन परिस्थितिमा समेत समिति क्रियाशील रहेको छ । यसै परिप्रेक्ष्यमा आधुनिक सूचना प्रविधिको उपयोगमार्फत भर्चुअल रुपमा तथा माननीय सदस्यहरुको भौतिक उपस्थितिमा छलफल गरी कोरोनाको रोकथाम, नियन्त्रण र उपचार, वैदेशिक रोजगारीको क्रममा अलपत्र परेका नेपालीको तत्काल उद्धार, सीमामा अलपत्र परेका नेपालीको उचित सम्बोधन, देशभित्र न्यूनतम सेवा सुविधा सहितका क्वारेन्टाइनको निर्माण र लकडाउनका कारण सहारा विहीन बनेका संगठित र असंगठित क्षेत्रका श्रमिकहरुलाई मानवअधिकारको पूर्ण प्रत्याभूति गराउन नेपाल सरकारलाई देहायबमोजिम निर्देश गरिएको छ :

- उपत्यका लगायत देशभरका स्वास्थ्य संस्थामा जनसंख्याको चापअनुसार आईसीयु र आइसोलेसन बेडको पर्याप्त व्यवस्था गर्ने र कोरोना भाइरसको परीक्षणका लागि आवश्यक उपकरण, किट्स, मास्कको सञ्चय गरी अत्यावश्यक औषधी सहित चिकित्सक टोलीको तत्काल व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउने ।
- नेपाल सरकारले सबै प्रदेश, स्थानीय तह, सरकारी, सामुदायिक र निजी स्वास्थ्य संस्था बीच आवश्यक समन्वय कायम गरी प्रत्येक प्रदेशमा यसको परीक्षण र उपचारका लागि आवश्यक व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत नेपाल सरकारको ध्यानाकर्षण गर्ने ।
- प्रत्येक स्वास्थ्य संस्थामा विशेषज्ञ चिकित्सकको टोलीको व्यवस्था गरी परीक्षण र उपचारमा संलग्न चिकित्सकहरुको उच्च मनोबल र विशेष सुरक्षाको सुनिश्चितता गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत नेपाल सरकारको ध्यानाकर्षण गर्ने ।
- मास्क, औषधी लगायत दैनिक खाद्य पदार्थहरुको बजारमा देखिएको कृत्रिम अभाव एवम् कालोबजारीलाई नियन्त्रण गर्न प्रभावकारी बजार अनुगमन गर्ने र अनुगमनको क्रममा भेटिएका अवाञ्छित कार्यमा संलग्न जो सुकैलाई तत्काल कडा कारवाही गर्न नेपाल सरकार गृह मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन गर्ने ।
- क्षमता भन्दा बढी कैदीबन्दी रहेको कारागारमा कोरोना भाइरसको उच्च जोखिम हुने हुँदा कारागारमा क्षमता भन्दा बढी कैदी भएमा हटाउनेतर्फ विद्यमान कानूनको कार्यान्वयन गरी वा

थप कानूनी प्रबन्ध गरी व्यवस्थापन गर्ने र कारागारमा तत्काल हुन सक्ने जोखिम न्यूनीकरणको प्रयास गर्न गृह मन्त्रालयलाई निर्देशन गर्ने ।

- कोरोना भाइरसको जोखिम बढ्दै गइरहेको अवस्थामा नागरिकको खान पाउने हक, स्वास्थ्य उपचारको हक जस्ता मौलिक हकबाट बञ्चित हुने अवस्था सिर्जना भएकोले नागरिकको उक्त हकहरुको पूर्ण सुनिश्चितता गर्न र विपद्को घडीमा राहत पाउने नागरिकको मौलिक हक भएकाले नागरिकको मौलिक हकको रक्षा गर्न गृह मन्त्रालय मार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउने ।
- विदेशमा अलपत्र परेका नेपाली नागरिकहरुको हकमा आफ्नो देशमा फर्केर आउन चाहने नागरिकहरुलाई अहिले बसेकै ठाउँमा बस्न सक्ने सहज वातावारण बनाउन वा घर फिर्ता गर्ने तर्फको कार्ययोजना निर्माण गरी तत्सम्बन्धी कार्य तत्काल अगाडि बढाउन गृह मन्त्रालयमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउने ।
- विपत् व्यवस्थापन सम्बन्धी मौजुदा ऐन विपद् व्यवस्थापन ऐन, २०७४ लाई केन्द्रदेखि स्थानीय तहसम्म तत्काल कार्यान्वयन गरी दीर्घकालीन विपत्का योजनाहरु समेत निर्माण गर्ने कार्य गर्न गृह मन्त्रालयलाई निर्देश गर्ने ।
- असहाय एकल तथा विधवा महिला र अपांगता भएका व्यक्तिहरुलाई वितरण गरिँदै आएको सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिन सामाजिक सुरक्षा ऐन, २०७५ लाई संशोधन गर्न सोको संशोधन विधेयक संघीय संसदको चालु अधिवेशनमा पेश गर्न नेपाल सरकार गृह मन्त्रालयलाई ध्यानाकर्षण गराउने ।
- कोरोना महामारीको कारणले लकडाउनको समयमा घटेका जातीय विभेद, छुवाछुत, बलात्कार, हत्या जस्ता घटनामा यस समितिको गम्भीर ध्यानाकर्षण भएको छ । यस क्रममा धनकुटा र मोरङ्ग जिल्लाका दलित बालिकामाथि भएको सामूहिक बलात्कार, कपिलवस्तु र रुकुम पश्चिममा भएको जातीय भेदभाव, सामूहिक हत्या तथा व्यक्ति बेपत्ता, पाँचथर जिल्लामा जबरजस्ती गराइएको गर्भपतन, कास्कीको पोखरामा दलित भएकै कारण किरियापुत्री भवन प्रयोग गर्न नदिएको लगायतका घटनाहरुको तत्काल छानविन गरी दोषीउपर कारवाहीको प्रक्रिया अगाडि बढाउन गृह मन्त्रालयलाई निर्देश गर्ने ।

- कोरोना भाइरसविरुद्धको लडाइँमा सम्पूर्ण राजनीतिक दलहरुले देखाएको राजनीतिक एकता र प्रतिबद्धताको सह्राना गर्दै सम्पूर्ण राजनीतिक दल, तिनका भातृ संगठनहरु, गैरसरकारी संस्था लगायत नागरिक समाजको संयुक्त प्रयासबाट जनचेतना अभिवृद्धिका कार्यक्रमहरु बस्तीस्तरसम्म पुऱ्याउन आह्वान गर्ने ।

समितिको यो वार्षिक प्रतिवेदन सभासमक्ष पेश गर्दै गर्दा समेत कोरोनाको संक्रमण फैलने दर र संक्रमित व्यक्तिहरुको संख्यामा समेत आएको वृद्धिले समितिले निर्देश गरेका उपर्युक्त निर्देशनहरु अझै पनि उत्तिकै सान्दर्भिक र महत्वपूर्ण रहेको व्यहोरा सभा समक्ष निवेदन गर्न चाहन्छु ।

सभामुख महोदय,

आगामी दिनमा विषयगत समितिलाई थप क्रियाशील र प्रभावकारी बनाउन समितिमा रहेका राजनीतिक दलका सदस्यहरुबीच थप सहकार्य र समन्वय हुनुपर्ने, छलफलका विषयमा दोहोरोपन हुन नदिन समिति सभापतिहरुसँगको बैठकलाई नियमित गरी समिति समन्वयमा ध्यान दिनुपर्ने, समितिका माननीय सदस्य र कर्मचारीको क्षमता अभिवृद्धि गर्नुपर्ने, समितिलाई आवश्यक पर्ने आधुनिक पूर्वाधारयुक्त भौतिक स्रोत साधनको व्यवस्था हुनुपर्ने र समिति र सरकारबीचको सम्बन्धलाई सुमधुर बनाई अगाडि बढ्नु पर्ने आवश्यकता महसुस भएको छ । त्यस्तै, मानव अधिकारको अवस्थामा सुधार ल्याउन, न्यायमा जनताको सहज पहुँच सुनिश्चित गर्न र संविधानको कार्यान्वयन तथा संघीयतालाई सफल पार्न समितिले विभिन्न समयमा सम्बन्धित निकायलाई दिइएका प्रतिवेदनमा उल्लिखित निर्देशन/सुझावहरुको कार्यान्वयनमा तत् तत् निकाय र अधिकारीको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । समितिले सुझाएका सुझाव र दिएका निर्देशनहरुको कार्यान्वयनबाट समृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माणमा थप टेवा पुग्ने विश्वास लिएको छु । यसका साथै मुलुकमा कोभिड–१९ को महामारी आउने दिनमा थप भयावह र जटिल बन्न सक्नेतर्फ मध्यनजर गर्दै प्रविधिको प्रयोगमार्फत गरिने समितिका भर्चुअल छलफल र बैठकलाई कानूनी मान्यता प्रदान गर्न प्रतिनिधि सभा नियमावलीमा आवश्यक संशोधन गर्न जरुरी देखिएको कुरा सभासमक्ष निवेदन गर्दछु ।

अन्त्यमा, यस समितिको कार्यसम्पादनमा सहयोग पुऱ्याउनु हुने प्रतिनिधिसभाका सम्माननीय सभामुखज्यू, माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीज्यू, सभा र समितिका माननीय

सदस्यहरु, नेपाल सरकार र सम्बन्धित मन्त्रालय, आयोग, विभाग एवम् निकायका पदाधिकारी, संघीय संसदका महासचिव, प्रतिनिधि सभाका सचिव, सचिवालयका सचिव र कानून, न्याय तथा मानव अधिकार समितिको सचिवालयमा कार्यरत सम्पूर्ण कर्मचारी, समितिलाई सहयोग पुऱ्याउनु हुने विज्ञहरु तथा समितिका कामकारवाहीका विषयमा आम नागरिकलाई सुसूचित गर्ने सञ्चार जगत्लाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु । साथै कोरोना भाइरसको रोकथाम, नियन्त्रण र उपचारमा अग्रपंक्तिमा खटिनु भएका चिकित्सक/स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी लगायत सबैको योगदानको उच्च स्रहाना गर्दछु ।

सम्माननीय सभामुख महोदय,

सम्माननीय सभामुख महोदयको अनुमतिले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७५ को उपनियम (७) बमोजिम सम्मानित सभा समक्ष यो प्रतिवेदन पेश गर्दछु ।

धन्यवाद ।

२०७७ जेठ १३ गते मंगलबार

कृष्णभक्त पोखरेल
सभापति
कानून, न्याय तथा मानव अधिकार समिति

# परिच्छेद–१
# प्रारम्भिक

## १.१ पृष्ठभूमि

मानव अधिकार मानवोचित जीवनयापनको निमित्त अपरिहार्य, जन्मसिद्ध, अविभाज्य, प्राकृतिक, विश्वव्यापी, नैसर्गिक र अहरणीय अधिकार हो । यसले भयरहित वातावरणमा सम्मानपूर्वक बाँच्न पाउने, आधारभूत शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा तथा संरक्षणका अवसरमा समानता, सबै किसिमका विभेद, असमानता, गरीबी, पछौटेपन तथा दासताबाट उन्मुक्ति र सर्वाङ्गीण विकासको लागि छनौटको स्वतन्त्रता जस्ता पक्षहरुलाई आत्मसात गर्दछ ।

लोकतन्त्र र मानव अधिकारबीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । त्यसैले मानव अधिकारलाई लोकतन्त्रको आधारस्तम्भ मानिन्छ । नेपालको संविधानले समानता र नागरिक स्वतन्त्रता सहितका विभिन्न एकतीसवटा मौलिक हक, राज्य शक्तिको पृथकीकरण, नियन्त्रण र सन्तुलन, बहुदलीय प्रतिस्पर्धात्मक राजनीतिक प्रणाली, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, संघीयता, धर्मनिरपेक्षता, गणतन्त्र, पूर्ण प्रेस स्वतन्त्रता, निरंकुशता र स्वेच्छाचारिताको अन्त्य, कानूनको शासन, स्वायत्तता र स्वशासन, समानुपातिक समावेशिता, सहभागिता, उत्तरदायित्व र जवाफदेहिता, दिगो शान्ति, सामाजिक न्याय सहितको विकास, समृद्धि र सुशासनमार्फत मानव अधिकारको सर्वोपरितालाई प्रत्याभूत गरेको छ ।

राज्यशक्तिको स्रोत र सम्प्रभूता जनतामा निहित गरेको नेपालको संविधानले सरकारलाई आफ्ना नीति, निर्णय र कामकारबाहीका सम्बन्धमा जनताप्रति उत्तरदायी र जवाफदेही हुनु पर्ने बाध्यात्मक व्यवस्था गरेको छ । सरकारलाई जनउत्तरदायी बनाउने कार्य जनप्रतिनिधिमूलक संस्था संसद र यसका विभिन्न समितिले गर्दै आएका छन् ।

संसदको कार्यशालाका रुपमा परिचित संसदीय समितिको प्रभावकारिता, कार्यकुशलता र क्रियाशीलताले सरकारलाई जनताप्रति उत्तरदायी र जवाफदेही बनाउन बल पुग्दछ । समितिले आफ्नो कार्यक्षेत्रभित्रका सरकारी निकायहरुको नीति, योजना, कार्यक्रम, बजेट परिचालन आदिका सम्बन्धमा

निगरानी गरी आवश्यक निर्देशन दिने गर्दछन् । त्यस्तै, आवश्यकतानुसार स्थलगत अनुगमन तथा कार्यउपलब्धीको मूल्यांकन गरी कार्यान्वयनको सिलसिलामा उत्पन्न समस्याको समाधान गर्न समेत सहयोग पुर्‍याउँदछन् । राज्य सञ्चालनका हरेक अवयवमा थिति र विधि स्थापित गराई सुशासनको माध्यमबाट मुलुकमा स्थायित्व, विकास र समृद्धि हासिल गर्न महत्वपूर्ण भूमिका खेल्दछन् ।

नेपाल सरकारलाई प्रतिनिधि सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन समेतका लागि संघीय संसद, प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७० बमोजिम गठित विभिन्न विषयगत समितिहरुमध्ये कानून, न्याय तथा मानव अधिकार समिति एक महत्वपूर्ण समिति हो । यस समितिले विशेष गरी मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्नको लागि सरोकारवाला निकायहरुलाई आवश्यक सल्लाह, सुझाव तथा निर्देशन दिने कार्य गर्दछ । यसको अलावा मानव अधिकार सम्बन्धी नेपाल पक्ष राष्ट्र भएका विभिन्न महासन्धि र सन्धिको कार्यान्वयनको अनुगमनका साथै कानून र न्यायको क्षेत्रमा आवश्यकतानुसार सुधार गरी लोककल्याणकारी राज्य र कानूनी राज्य स्थापनामा क्रियाशील छ ।

### १.२ समितिको गठन र कार्यक्षेत्र

नेपालको संविधानको धारा ९७ मा सभाले संघीय कानून बमोजिम समितिहरु गठन गर्न सक्ने प्रावधान रहेको छ । त्यस्तै, प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६९ मा प्रतिनिधि सभाको नियमित कार्यमा सहयोग पुऱ्याउन प्रतिनिधि सभा अन्तर्गत विषयगत समिति र विशेष समिति गठन गर्न सकिनेछ भन्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुरुप नियम १७० मा विभिन्न विषयगत समितिहरुको गठन गरिएको छ । सभामुखले प्रतिनिधि सभाको सहमति लिई प्रत्येक समितिमा पदेन सदस्य बाहेक बढीमा सत्ताईस जना सदस्य मनोनयन गर्न सक्नेछ भन्ने प्रावधान नियमावलीको नियम १७२ मा रहेको छ । यसरी समितिमा सदस्यको मनोनय गर्दा सदनमा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सदस्य संख्या, महिला, दलित, आदिवासी, जनजाति, खस आर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतको समानुपातिक प्रतिनिधित्वलाई मध्यनजर गरिएको छ । नियमावलीको उपर्युक्त व्यवस्था बमोजिम २०७५ साल साउन १७ गतेको प्रतिनिधि सभाको बैठकले

यो समितिको गठन गरेको हो । हाल यस समितिमा पदेन सदस्य बाहेक तेईस जना सदस्यहरु ( अनुसूची–१) रहनु भएको छ ।

नेपाल सरकारलाई प्रतिनिधि सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, सकारबाट भए गरेका काम कारवाहीको अनुगमन मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिनका लागि गठित यस समितिको कार्यक्षेत्र देहाय बमोजिम रहेको छः

१. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,
२. न्याय परिषद्,
३. न्याय सेवा आयोग,
४. महान्यायाधिवक्ताको कार्यालय, र
५. मानव अधिकार ।

## १.३ समितिको काम, कर्तव्य र अधिकार

समितिको काम, कर्तव्य र अधिकार सम्बन्धमा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७५ मा उल्लेख गरिएको छ । उक्त नियमको उपनियम (१) मा आफ्नो कार्यक्षेत्रको परिधिभित्र रही प्रत्येक विषयगत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ भनी समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार तोकिएको छ :

- आ–आफ्नो कार्यक्षेत्र भित्र पर्ने मन्त्रालय, आयोग र निकायसँग सम्बन्धित विधेयक उपर दफावार छलफल गरी सो सम्बन्धी प्रतिवेदन पेश गर्ने,
- मन्त्रालय, विभाग र अन्तर्गतका निकायको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरु यस्तै क्रियाकलापको मूल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,
- मन्त्रालय, विभाग र अन्तर्गतका निकायको राजश्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमान रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,

- मन्त्रीले सरकारको तर्फबाट बैठकमा समय समयमा दिएका आश्वासनलाई पूरा गर्न नेपाल सरकारद्धारा के कस्ता कदम उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,
- विषयसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,
- सभाद्धारा प्रत्यायोजित अधिकार अन्तर्गत बनाइएको नियम, संविधान, सम्बन्धित ऐन, प्रचलित कानून बमोजिम बनेको छ वा छैन र सरकारद्धारा प्रचलित ऐन, नियम अनुरुप काम भए गरेको छ वा छैन भन्ने विषयमा मूल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,
- सरकारद्धारा समय समयमा गठन हुने छानविन आयोग/समिति र जाँचबुझ आयोग/समितिद्धारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,
- मन्त्रालय, विभाग र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्यांकन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने,
- बैठकले सुम्पेको अन्य काम गर्ने, र
- समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने ।

## १.४ कार्यविधि र प्रक्रिया

नेपालको संविधान, प्रतिनिधि सभा नियमावली, २०७५ र सो अन्तर्गत तर्जुमा गरिएको समितिको आन्तरिक कार्यविधि, २०७५ बमोजिम समितिले आफ्नो नियमित कार्य सम्पादन गर्दै आएको छ । समितिको बैठक सम्बन्धित समितिको सभापतिले आवश्यकता अनुसार बोलाउन सक्ने, बैठकको सभापतित्व सभापतिले वा निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूमध्येबाट छानेको व्यक्तिले गर्ने र सदस्यहरुले आफूमध्येबाट छानेको व्यक्तिले सभापतित्व गरेकोमा सोको जानकारी सभामुखलाई दिनुपर्ने व्यवस्था छ । साथै समितिको गणपूरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको एकाउन्न प्रतिशत हुनुपर्ने व्यवस्था रहेको छ ।

समितिको बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय समितिको निर्णय मानिने, मत बराबर भएमा सभापतिले निर्णायक मत दिन सक्ने र समितिको निर्णय प्रमाणीकरण सभापति र समिति सचिवले गर्ने व्यवस्था रहेको छ ।

सभापतिले उपयुक्त सम्झेमा समितिको आन्तरिक काम कारवाही सम्पन्न गर्न वा समितिको कार्यक्षेत्र भित्रको विषयमा अध्ययन गरी प्रतिवेदन दिन समितिका सदस्यहरु मध्येबाट उपसमिति गठन गर्न सकिने व्यवस्था छ । उपसमिति गठन गर्दा उपसमितिले गर्नुपर्ने काम र सो काम सम्पन्न हुनुपर्ने अवधि समेत किटान गरिनुपर्दछ ।

समितिले आवश्यक ठानेमा सम्बन्धित पक्ष वा हित समूहका प्रतिनिधि र विशेषज्ञलाई समेत आमन्त्रण गरी सुझाव लिन सक्ने व्यवस्था रहेको छ । समितिमा मुख्य रुपमा मन्त्री नै उत्तरदायी रहने र आफ्नो सहयोगका लागि अन्य सम्बन्धित अधिकारी वा विज्ञको सहयोग लिन सकिने अवस्था छ । समितिले आफ्नो कामको सिलसिलामा आवश्यक कुनै कागजपत्र झिकाउन वा कुनै व्यक्ति वा पदाधिकारीलाई उपस्थित गराउन र उपस्थित गराईएको व्यक्ति वा पदाधिकारीलाई आवश्यक भएमा बयान लिन र बकपत्र गराउन सक्ने प्रावधान समेत रहेको छ ।

समितिले कार्य सम्पादनको सिलसिलामा आवश्यकतानुसार नेपाल सरकारका मन्त्री, सचिव, विभागीय प्रमुख, सम्बन्धित क्षेत्रका विज्ञ तथा सरोकारवालाहरुलाई समिति समक्ष आमन्त्रण गरी छलफल र अन्तरक्रिया गर्ने गरेको छ । यसका साथै विषयसँग सम्बन्धित विभिन्न कागजातहरुको अध्ययन, अनुसन्धान र गोष्ठी, सेमिनार जस्ता प्रक्रिया अपनाउने गरेको छ । त्यस्तै, बैठकमा निर्णय लिंदा सहमतीय प्रक्रियालाई जोड दिंदै आएको छ ।

### १.५ परिसीमा

यो प्रतिवेदनमा गत वर्ष सभामा पेश गरेको प्रथम वार्षिक प्रतिवेदन (२०७६) पश्चात् समितिको बैठकमा लिइएका निर्णय, दिएका निर्देशन र समितिबाट भए गरेका क्रियाकलाप मात्र समेटिएका छन् । त्यसैले यसमा समिति गठन भएदेखि हालसम्मका सबै विषयहरु समावेश छैनन् ।

त्यस्तै समितिको छुट्टै बजेट, दरबन्दी अनुरुप जनशक्ति, सूचना प्रविधि र तथ्यांक, अध्ययन अनुसन्धान, सबै सदस्यहरुको नियमित उपस्थिति र छलफलमा सहभागिता, पर्याप्त स्थलगत

अवलोकन भ्रमण, सदस्य र कर्मचारीको क्षमता अभिवृद्धि जस्ता पक्षहरु कार्यसम्पादनको सिलसिलामा सीमाको रुपमा रहेका छन् ।

### १.६ प्रतिवेदनको संरचना

प्रस्तुत प्रतिवेदनलाई तीन परिच्छेदमा विभाजन गरिएको छ । परिच्छेद–१ मा प्रारम्भिक अन्तर्गत पृष्ठभूमि, समितिको गठन र कार्यक्षेत्र, समितिको काम, कर्तव्य र अधिकार, विधि र प्रक्रिया तथा परिसीमा उल्लेख गरिएको छ । परिच्छेद–२ मा सम्पादित कार्य अन्तर्गत समितिको बैठक, निर्णय तथा निर्देशन, विधायन सम्बन्धी कार्य र अन्य कार्य प्रस्तुत गरिएको छ । परिच्छेद–३ मा निष्कर्ष तथा सुझावबारे उल्लेख गरिएको छ । प्रतिवेदनको अन्त्यमा पाँचवटा अनुसूची समावेश गरिएको छ ।

# परिच्छेद–२
# सम्पादित कार्य

## २.१ समितिको बैठक, निर्णय तथा निर्देशन

समितिको गठन भएपश्चात् हालसम्म जम्मा चालीसवटा बैठक सम्पन्न भएका छन् । समितिको पहिलो वार्षिक प्रतिवेदन (२०७६) पेश गर्दा सम्म पच्चीसवटा बैठक सम्पन्न भएका थिए । समितिको यो वार्षिक प्रतिवेदन तयार पार्दा सम्मको अवधिमा पन्ध्रवटा बैठक सम्पन्न भएका छन् । यीमध्ये बहुसंख्यक बैठक विधायन सम्बन्धी कार्यमा केन्द्रित रहेका छन् । समितिका बैठक, लिइएका निर्णय र निर्देशनको विवरण देहायमा प्रस्तुत गरिएको छ :–

**बैठक संख्या : छब्बीस**

मिति : २०७६।०२।२९ गते बुधबार

**छलफलको विषय :**

१. प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि  छलफल ।
२. विविध ।

**निर्णय :**

१. प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफल भयो । उक्त छलफलमा विधेयकमाथि संशोधन दर्ता गराउनुहुने माननीय श्री पुष्पाा भुसाल (गौतम) र माननीय श्री रामकुमारी झाँक्रीको सहभागिता रह्यो ।
२. मिति २०७६।०३।०७ गते पोखरामा "नेपालको संविधान" मा अन्तरनिहित विभिन्न विषयमा केन्द्रित रही यस समितिका माननीय सदस्यहरु, गण्डकी प्रदेशका प्रदेश सभा सदस्य, स्थानीय तहका जनप्रतिनिधि, उच्च अदालत पोखरा बार एशोसियसन, जिल्ला अदालत कास्की बार एशोसियसन, कानूनविद्, विज्ञ तथा सरोकारवाला लगायतको सहभागितामा एक दिने संविधान सम्बन्धी प्रादेशिक सम्मेलन गर्ने निर्णय गरियो ।

३. यस समिति र नेपाल कानून समाजको संयुक्त आयोजनामा मुलुकका पाँच प्रदेशका विभिन्न स्थानमा राष्ट्रिय मानव अधिकार आयोग विधेयकका सम्बन्धमा सरोकारवालासँग अन्तरक्रिया/अन्तरसम्वाद गर्ने निर्णय गरियो ।

**बैठक संख्या : सत्ताईस**

मिति : २०७६।०३।१२ गते विहीबार

**छलफलको विषय :**

१. प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि छलफल ।
२. विविध ।

**निर्णय :**

१. प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि दफावार छलफल भयो र उक्त छलफलको आधारमा विधेयक सम्बन्धी मस्यौदा प्रतिवेदन तयार पार्न सचिवालयलाई निर्देश गरियो ।
२. निलहीरा समाज नेपालका पदाधिकारीहरुसँग नेपालको संविधानले व्यवस्था गरेबमोजिम यौनिक तथा अल्पसंख्यकका हक अधिकार र सरोकारको विषयमा छलफल गरियो ।

**बैठक संख्या : अठ्ठाईस**

मिति : २०७६।०३।१३ गते शुक्रबार

**छलफलको विषय :**

१. मानव अधिकार सम्बन्धी विषयमा अन्तर्राष्ट्रिय विज्ञसँग छलफल ।
२. विविध ।

**निर्णय :**

समितिको आज बसेको बैठकमा मानव अधिकार सम्बन्धी विषयका अन्तर्राष्ट्रिय विज्ञ Mr.Kevin Deveaux सँग छलफल गरियो । उक्त छलफलमा विभिन्न देशका संसद र संसदीय समितिहरुले

मानव अधिकार सम्बन्धी विषयमा गरेका अभ्यास तथा अनुभवको जानकारी लिइनुका साथै नेपालमा भएका अभ्यास र अनुभवबारे पनि छलफल भयो ।

**बैठक संख्या : उनन्तीस**

मिति : २०७६।०३।२५ गते बुधबार

**छलफलको विषय :**

१. प्रशासकीय अदालत सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को मस्यौदा प्रतिवेदनमाथि छलफल ।
२. विविध ।

**निर्णय :**

प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को मस्यौदा प्रतिवेदनमाथि छलफल गरी आवश्यक परिमार्जन सहित सर्वसम्मतिले पारित गरी यसैसाथ संलग्न उक्त प्रतिवेदन प्रतिनिधिसभाको आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**बैठक संख्या : तीस**

मिति : २०७६।०५।१३ गते शुक्रबार

**छलफलको विषय :**

१. प्रमाण ऐन, २०३१ लाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल ।
२. विविध ।

**निर्णय :**

प्रमाण ऐन, २०३१ लाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल प्रारम्भ भयो । उक्त छलफलमा समितिको आगामी बैठकमा विधेयक उपर संशोधन दर्ता गराउनुहुने संशोधनकर्ता माननीयहरुलाई बैठकमा आमन्त्रण गरी संशोधनका विषयमा छलफल गर्ने निर्णय गरियो ।

**बैठक संख्या : एकतीस**

मिति : २०७६।०५।२० गते शुक्रबार ।

**छलफलको विषय :**

१. प्रमाण ऐन, २०३१ लाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल ।

२. विविध ।

**निर्णय :**

१. प्रमाण ऐन, २०३१ लाई संशोधन गर्न बनेको विधेयकमाथि संशोधन दर्ता गराउनुहुने माननीय सदस्यसँग संशोधन दर्ता गर्नुपर्नाको कारण र औचित्य सम्बन्धमा छलफल गरियो । उक्त छलफलमा मा० श्री पुष्पा भुसाल (गौतम) को सहभागिता रह्यो ।

२. विधेयकमाथि संशोधन दर्ता गराउनुहुने बाँकी माननीय सदस्यहरुलाई समितिको आगामी बैठकमा आमन्त्रण गरी संशोधनका सम्बन्धमा थप छलफल गर्ने निर्णय गरियो ।

३. Ncell को कर निर्धारण र असुल गर्नुपर्ने करको सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट जारी भएका आदेश र निर्णय सम्बन्धी कागजात माग गरी समितिले अध्ययन गर्ने विषयमा कानूनविद्‌हरुसँग राय परामर्श लिने र तत्पश्चात उक्त विषयमा आवश्यक निर्णय लिने निर्णय गरियो ।

४. नेपाल राज्यभरका विभिन्न कारागार र प्रहरी हिरासत कक्षको भौतिक अवस्था र न्यूनतम मानव अधिकारको अवस्था समेत नाजुक रहेको भन्ने विभिन्न समाचार माध्यमहरुबाट प्रकाशित भइरहेको सन्दर्भमा नमुना छनौटका आधारमा सातै प्रदेश समेटिने गरी केही जिल्लाको कारागार र प्रहरी हिरासत कक्षको समितिबाट आवश्यक टोली बनाई स्थलगत अनुगमन गर्ने र यस्तो टोलीमा समितिका माननीय सदस्यज्यू, सचिवालयका कर्मचारी तथा आवश्यकताअनुसार सञ्चारकर्मी ( पत्रकार) समेतको सहभागिता रहने । साथै उक्त अनुगमन कार्यक्रमको लागि लाग्ने सम्पुर्ण खर्चको व्यवस्थापन संघीय संसद सचिवालयबाट गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**बैठक संख्या : बत्तीस**

मिति : २०७६।०८।२१ गते विहीवार

**छलफलको विषय :**

१. प्रमाण ऐन, २०३१ लाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल ।
२. विविध ।

**निर्णय :**

१. प्रमाण ऐन, २०३१ लाई संशोधन गर्न बनेको विधेयकमाथि दफावार छलफल जारी रह्यो ।
२. समितिको अर्को बैठक वि.स.२०७६ मंसिर २३ गते बस्ने समिति सभाकक्षमा विहान ११ बजे बस्ने गरी बैठक स्थगित भयो ।

**बैठक संख्या : तेत्तीस**

मिति : २०७६।०८।२३ गते सोमवार

**छलफलको विषय :**

१. प्रमाण ऐन, २०३१ लाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल ।
२. विविध ।

**निर्णय :**

१. प्रमाण ऐन, २०३१ लाई संशोधन गर्न बनेको विधेयकमाथि दफावार छलफल सम्पन्न भई यसैसाथ संलग्न प्रतिवेदन सर्वसम्मतिले पारित गरी प्रतिनिधिसभाको आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।
२. समितिको अर्को बैठक वि.स.२०७६ मंसिर २५ गते विहान ११ बजे समिति सभाकक्ष सिंहदरबारमा मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजनाको सम्बन्धमा छलफल गर्न बस्ने गरी आजको बैठक स्थगित भयो ।

**बैठक संख्या : चौँतीस**

मिति : २०७६।०८।२५ गते बुधबार

**छलफलको विषय :**

१. मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आ.व.२०७६/७७– २०८०/८१) का सम्बन्धमा छलफल ।

२. विविध ।

**निर्णय :**

१. समितिको आजको बैठकमा मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना ( आ.व.२०७६/७७–२०८०/८१) माथि छलफल प्रारम्भ भयो । उक्त छलफलमा प्रधामन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव श्री डिल्लीराज घिमिरे, सहसचिव श्री कोशल चन्द्र सुवेदी तथा विषय विज्ञ अधिवक्ता श्री राजु प्रसाद चापागाईको उपस्थिति रह्यो । छलफलका क्रममा सचिव श्री डिल्लीराज घिमिरेले उक्त कार्ययोजनाबारे प्रस्तुति राख्नुभयो र अधिवक्ता श्री राजु प्रसाद चापागाईले टिप्पणी गर्नुभयो ।

**बैठक संख्या : पैँतीस**

मिति : २०७६।१०।१२ गते आइतवार

**छलफलको विषय :**

१. मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आ.व.२०७६/७७– २०८०/८१) का सम्बन्धमा छलफल ।

२. विविध ।

**निर्णय :**

समितिको आजको बैठकमा मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आ.व.२०७६/७७–२०८०/८१) माथि घनिभूत छलफल भयो । उक्त छलफलमा माननीय सदस्यहरुले राख्नुभएका विचार

र विज्ञबाट प्राप्त सुझाव समेतलाई समेटेर यसैसाथ संलग्न बमोजिम सुझाव सहितको प्रतिवेदन सर्वसम्मतिले पारित गरी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने निर्णय गरियो ।

**बैठक संख्या ः छत्तीस**

मिति : २०७६।१०।२४ गते शुक्रबार

**छलफलको विषय :**

१. कारागार अनुगमन सम्बन्धी ।
२. विविध ।

**निर्णय :**

१. **संविधान सम्बन्धी दोश्रो प्रादेशिक सम्मेलन आयोजना गर्ने सम्बन्धमा :–**

मिति २०७६।११।०३ गते शनिबार बागमती प्रदेशको चितवन जिल्लास्थित सौराहमा "नेपालको संविधान" मा अन्तरनिहित विभिन्न विषयमा केन्द्रित रही यस समितिका माननीय सदस्यहरु, बागमती प्रदेशका मुख्यमन्त्री, प्रदेश सभाका सभामुख र सदस्य, स्थानीय तहका जनप्रतिनिधि, सर्वोच्च अदालत बार एशोसियशन, उच्च अदालत पाटन बार एशोसियशन, जिल्ला अदालत चितवन बार एशोसियशन, कानूनविद्, विज्ञ तथा सरोकारवाला लगायतको सहभागितामा एक दिने संविधान सम्बन्धी दोश्रो प्रादेशिक सम्मेलन आयोजना गर्ने निर्णय गरियो ।

२. **कारागार अनुगमन गर्ने सम्बन्धमा :–**

नेपाल राज्यभर रहेका कारगारहरुमध्ये नमुना छनोट (Sampling) को आधारमा प्रदेशगत रुपमा विभिन्न जिल्लामा रहेका कारागारहरुको अनुगमन गर्ने र सोका लागि देहायबमोजिमका ७ वटा टोली गठन गर्ने ।

| क्र.स. | प्रदेश | जिल्ला | सदस्यहरु | कैफियत |
|---|---|---|---|---|
| १ | प्रदेश नं. १ | मोरङ्ग र इलाम | मा० श्री मिन बहादुर विश्वकर्मा | संयोजक |

| | | | | |
|---|---|---|---|---|
| | | | मा० श्री रामकुमारी चौधरी<br>मा० श्री रविन्द्रराज शर्मा | |
| २ | प्रदेश नं. २ | पर्सा र महोत्तरी | मा० श्री लक्ष्मणलाल कर्ण<br>मा० श्री स्मृतिनारायण चौधरी<br>मा० श्री मातृका प्रसाद यादव | संयोजक |
| ३ | बागमती | केन्द्रीय कारागार काठमाण्डौं र चितवन | मा० श्री कृष्णभक्त पोखे्रल<br>मा० श्री बालकृष्ण खाँण<br>मा० श्री राजेन्द्र प्रसाद गौतम | सभापति/संयोजक |
| ४ | गण्डकी | कास्की र बाग्लुङ्ग | मा० श्री देव प्रसाद गुरुङ्ग<br>मा० श्री कर्मा घले<br>मा० श्री शेर ब. तामाङ | संयोजक |
| ५ | प्रदेश नं. ५ | रुपन्देही र दाङ्ग | मा० श्री अतहर कमाल मुसलमान<br>मा० श्री कलुदेवी विश्वकर्मा<br>मा० श्री राजेन्द्र प्रसाद गौतम | संयोजक |
| ६ | कर्णाली | सुर्खेत र मुगु | मा० श्री लाल बहादुर थापा<br>मा० श्री पद्यमनारायण चौधरी | संयोजक |

| | | | | |
|---|---|---|---|---|
| | | | मा० श्री बिमला बिक<br>मा० श्री विष्णु शर्मा | |
| ७ | सुदुरपश्चिम | कैलाली र डडेल्धुरा | मा० श्री उमाशंकर अरगरिया<br>मा० श्री समीना हुसेन<br>मा० श्री रविन्द्र राज शर्मा | संयोजक |

उपर्युक्तानुसार बागमती प्रदेश अन्तर्गत चितवन जिल्लामा रहेको कारागारको अनुगमन मिति २०७६।११।०२ गते गर्ने र अन्य प्रदेशको हकमा टोलीमा रहनुभएका संयोजकले निर्धारण गरेको मितिमा अनुगमन गर्ने ।

३. **खर्च उपलब्ध गराउने सम्बन्धमा :**

मिति २०७६।११।०२ गतेका दिन चितवन जिल्लामा रहेको कारागार अनुगमन, २०७६।११।०३ गते हुने दोश्रो प्रादेशिक संवैधानिक सम्मेलन र तत्पश्चात् हुने प्रदेशगत कारागार अनुगमनमा सहभागी हुनुहुने यस समितिका माननीय सदस्यहरु र सचिवालयका कर्मचारीहरुको लागि दैनिक भ्रमण भत्ता, यातायात लगायत कार्यक्रमको लागि आवश्यक खर्च उपलब्ध गराउन संघीय संसद सचिवालयलाई अनुरोध गर्ने ।

**बैठक संख्या : सैतीस**

मिति : २०७६।११।१६ गते शुक्रबार

**छलफलको विषय :**

१. विविध ।

**निर्णय :**

१. नवनियुक्त कानून, न्याय तथा संसदीय मामिला मन्त्री एवं यस समितिका पदेन सदस्य माननीय डा. शिवमाया तुम्बाहाङफे, प्रतिनिधिसभामा विपक्षी दलका नेता तथा पूर्वप्रधानमन्त्री माननीय श्री शेरबहादुर देउवा र पूर्व मन्त्री माननीय श्री मातृका प्रसाद यादवलाई बैठकमा स्वागत गरियो ।

२. प्रतिनिधिसभाको विभिन्न मितिमा बसेको बैठकबाट हेरफेर भई यस समितिमा आउनुभएका माननीय सदस्यहरुको कामकारवाहीलाई प्रभावकारी बनाउन सम्पूर्ण नेपाल कानूनका संग्रहको १० (दश) सेट र समिति सचिवालयको लागि नेपाल राजपत्र नियमित रुपमा उपलब्ध गराउन माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीलाई अनुरोध गर्ने निर्णय गरियो ।

३. नेपालको संविधानमा व्यवस्था भए बमोजिम नेपाल सरकारले असमर्थ पक्षको सहयोगको लागि निःशुल्क रुपमा उपलब्ध गराउँदै आएको कानूनी सहायता कार्यक्रमको प्रभावकारिताप्रति समितिको ध्यानाकर्षण भएको हुँदा उक्त कार्यक्रमलाई थप प्रभावकारी बनाउन आवश्यक नेतृत्वदायी पहलकदमीका लागि माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीको ध्यानाकर्षण गरियो ।

४. मुलुकी देवानी र फौजदारी कानून सुधारको लागि मन्त्रालयको तर्फबाट हालसम्म भए गरेका कामको प्रगति विवरण समितिलाई यथाशीघ्र उपलब्ध गराउन माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीको ध्यानाकर्षण गरियो ।

**बैठक संख्या : अठ्तीस**

मिति : २०७६।१२।०६ गते विहीवार

**छलफलको विषय :**

१. कोरोना भाइरस (कोभिड–१९) बाट नेपाली नागरिकमा पर्न सक्ने जोखिम न्यूनीकरणका लागि सरकारको तर्फबाट भए गरेका कामको सम्बन्धमा छलफल ।

२. विविध ।

**निर्णय :**

- उपत्यका लगायत देशभरका स्वास्थ्य संस्थामा जनसंख्याको चापअनुसार सघन उपचार कक्ष ( आईसीयु) र आइसोलेसन बेडको पर्याप्त व्यवस्था गर्ने र कोरोना भाइरसको परीक्षणका लागि आवश्यक उपकरण, किट्स, मास्कको सञ्चय गरी अत्यावश्यक औषधी सहित चिकित्सक

टोलीको तत्काल व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउने ।

- नेपाल सरकारले सबै प्रदेश, स्थानीय तह, सरकारी, सामुदायिक र निजी स्वास्थ्य संस्था बीच आवश्यक समन्वय कायम गरी प्रत्येक प्रदेशमा यसको परीक्षण र उपचारका लागि आवश्यक व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत नेपाल सरकारको ध्यानाकर्षण गर्ने ।
- प्रत्येक स्वास्थ्य संस्थामा विशेषज्ञ चिकित्सकको टोलीको व्यवस्था गरी परीक्षण र उपचारमा संलग्न चिकित्सकहरुको उच्च मनोबल र विशेष सुरक्षाको सुनिश्चितता गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत नेपाल सरकारको ध्यानाकर्षण गर्ने ।
- मास्क, औषधी लगायत दैनिक खाद्य पदार्थहरुको बजारमा देखिएको कृत्रिम अभाव एवम् कालोबजारीलाई नियन्त्रण गर्न प्रभावकारी बजार अनुगमन गर्ने र अनुगमनको क्रममा भेटिएका अवाञ्छित कार्यमा संलग्न जो सुकैलाई तत्काल कडा कारवाही गर्न नेपाल सरकार गृह मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन गर्ने ।
- क्षमता भन्दा बढी कैदीबन्दी रहेको कारागारमा कोरोना भाइरसको उच्च जोखिम हुने हुँदा कारागारमा क्षमता भन्दा बढी कैदी भएमा हटाउनेतर्फ विद्यमान कानूनको कार्यान्वयन गरी वा थप कानूनी प्रबन्ध गरी व्यवस्थापन गर्ने र कारागारमा तत्काल हुन सक्ने जोखिम न्यूनीकरणको प्रयास गर्न गृह मन्त्रालयलाई निर्देशन गर्ने ।
- बालगृह, अनाथालय, वृद्धाश्रम, शिशु स्याहार केन्द्र, पुनस्थापना केन्द्रहरुमा आवश्यक सतर्कता अपनाउन नेपाल सरकार गृह मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको ध्यानाकर्षण गराउने ।
- कोरोना भाइरसको नियन्त्रणमा सफलता हासिल गरेको छिमेकी मुलुक चीनको व्यवस्थापकीय पक्षको समेत जानकारी लिई कोरोना संक्रमण हुन नदिन र आवश्यक रोकथामको बारेमा देशभरका सञ्चार माध्यम र सामाजिक सञ्जाल मार्फत तत्काल जनचेतना फैलाउने व्यवस्था मिलाउन नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको ध्यानाकर्षण गराउने ।
- कोरोना भाइरसको बारेमा सत्य तथ्यमा आधारित सूचना मात्र प्रकाशन गर्न सबै सञ्चारगृह र सञ्चारमाध्यमलाई हार्दिक अपिल गर्दछ । साथै सञ्चार माध्यम र सामाजिक सञ्जालमा गलत

सन्देश सहित अफवाह फैलाउनेलाई कानूनबमोजिम कारवाही गर्न नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको ध्यानाकर्षण गराउने ।

- कोरोना भाइरसविरुद्धको लडाइँमा सम्पूर्ण राजनीतिक दलहरुले देखाएको राजनीतिक एकता र प्रतिबद्धताको सह्राना गर्दै सम्पूर्ण राजनीतिक दल, तिनका भातृ संगठनहरु, गैरसरकारी संस्था लगायत नागरिक समाजको संयुक्त प्रयासबाट जनचेतना अभिवृद्धिका कार्यक्रमहरु बस्तीस्तरसम्म पुऱ्याउन आह्वान गर्ने ।

**बैठक संख्या : उनन्चालीस**

मिति : २०७७।०१।२३ गते मंगलबार

**छलफलको विषय :**

१) कोरोना भाइरस (कोभिड–१९) का कारण सीमा नाकामा रोकिएका र विदेशमा अलपत्र परेका नेपाली नागरिकको अवस्था र निजहरुको मानव अधिकारको स्थिति,

२) नेपालमा कोरोना भाइरस (कोभिड–१९) को स्थिति, रोकथाम/उपचारका प्रयास तथा आगामी कार्ययोजना र स्वास्थ्य उपचार सम्बन्धी नागरिकको मौलिक हकको अवस्था

३) विविध ।

**निर्णय :**

१. कोरोना भाइरस (कोभिड–१९) रोकथामका लागि सरकारले चालेका कदमहरु स्वागतयोग्य नै भए पनि यसको परीक्षण जुन रुपमा हुनपर्ने हो त्यो हुन नसकेको, थुप्रै ल्याबहरुमा टेष्ट कीटहरु समेत नभएको कारण परीक्षण गर्न नसकिएकाले तत्काल परीक्षणलाई व्यापक गराउन उपलब्ध सवै श्रोत साधन परिचालन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ध्यानाकर्षण गराउने ।

२. कोरोना भाइरसको जोखिम बढ्दै गइरहेको अवस्थामा नागरिकको खान पाउने हक, स्वास्थ्य उपचारको हक जस्ता मौलिक हकबाट बञ्चित हुने अवस्था सिर्जना भएकोले नागरिकको उक्त हकहरुको पूर्ण सुनिश्चितता गर्न र विपतको घडीमा राहत पाउने नागरिकको मौलिक हक भएकाले नागरिकको मौलिक हकको रक्षा गर्न गृह मन्त्रालय मार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउने ।

३. विदेशमा अलपत्र परेका नेपाली नागरिकहरुको हकमा आफ्नो देशमा फर्केर आउन चाहने नागरिकहरुलाई अहिले बसेकै ठाउँमा बस्न सक्ने सहज वातावारण बनाउन वा घर फिर्ता गर्ने तर्फको कार्ययोजना निर्माण गरी तत्सम्बन्धी कार्य तत्काल अगाडि बढाउन गृह मन्त्रालयमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउने ।

४. कोरोना रोग बाहेकका रोगहरुको उपचार गर्न पाउने हकलाई सुनिश्चितता गर्न सरकारी अस्पतालहरुको सेवालाई निरन्तरता दिन र निजी अस्पतालहरुलाई पनि यस विपत्को समयमा केही अनुदान दिई सरकारी अस्पताल सरह सेवा सुविधा उपलब्ध हुनेगरी आवश्यक स्वास्थ्य सेवा दान गर्ने व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ध्यानाकर्षण गराउने ।

५. विपद् व्यवस्थापन सम्बन्धी मौजुदा ऐन विपद् व्यवस्थापन ऐन, २०७४ लाई केन्द्रदेखि स्थानीय तहसम्म तत्काल कार्यान्वयन गरी दीर्घकालीन विपत्का योजनाहरु समेत निर्माण गर्ने कार्य गर्न गृह मन्त्रालयलाई निर्देश गर्ने ।

**बैठक संख्या : चालीस**

मिति : २०७७।०२।१२ गते सोमबार ।

**छलफलको विषय :**

१. समितिको वार्षिक मस्यौदा प्रतिवेदनमाथि छलफल ।

२. विविध ।

**निर्णय :**

१. असहाय एकल तथा विधवा महिला र अपांगता भएका व्यक्तिहरुलाई वितरण गरिँदै आएको सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिन सामाजिक सुरक्षा ऐन, २०७५ लाई संशोधन गर्न सोको संशोधन विधेयक संघीय संसदको चालु अधिवेशनमा पेश गर्न नेपाल सरकार गृह मन्त्रालयलाई ध्यानाकर्षण गराउने ।

२. कोरोनाको पहिचान गर्नको लागि गरिने पिसिआर परीक्षण समुदाय स्तरसम्म व्यापक रुपमा गर्ने व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने ।

३. कोरोना महामारीको कारणले लकडाउनको समयमा घटेका जातिय विभेद, छुवाछुत, बलात्कार, हत्या जस्ता घटनामा यस समितिको गम्भीर ध्यानाकर्षण भएको छ । यस क्रममा

धनकुटा र मोरङ्ग जिल्लाका दलित बालिकामाथि भएको सामूहिक बलात्कार, कपिलवस्तु र रुकुम पश्चिममा भएको जातीय भेदभाव, सामूहिक हत्या तथा व्यक्ति बेपत्ता, पाँचथर जिल्लामा जबरजस्ती गराइएको गर्भपतन, कास्कीको पोखरामा दलित भएकै कारण किरियापुत्री भवन प्रयोग गर्न नदिएको लगायतका घटनाहरुको तत्काल छानविन गरी दोषीउपर कारवाहीको प्रक्रिया अगाडि बढाउन गृह मन्त्रालयलाई निर्देश गर्ने ।

४. देशभर निर्माण भएका र निर्माणाधीन क्वारेन्टाइनहरुको विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार व्यवस्थित गर्न र क्वारेन्टाइनमा रहेका व्यक्तिहरुलाई खाना, स्वास्थ्य, सरसफाई र सुरक्षाको उचित प्रबन्ध गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत नेपाल सरकारलाई अनुरोध गर्ने ।

५. समिति सचिवालयबाट प्रस्तावित समितिको वार्षिक मस्यौदा प्रतिवेदनमाथि छलफल भयो । उक्त प्रतिवेदनमा आवश्यक परिमार्जनसहित सर्वसम्मतिले पारित गरी प्रतिनिधि सभाको आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

## २.२ विधायन सम्बन्धी कार्य

प्रस्तुत प्रतिवेदन तयार पार्दासम्म समितिमा प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ र प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५ गरी दुईवटा विधेयक प्राप्त हुन आएका थिए । उक्त दुवै विधेयक राष्ट्रिय सभामा उत्पत्ति भई पारित भएर प्रतिनिधि सभामा पठाएकोमा प्रतिनिधि सभाबाट दफावार छलफलको लागि यस समितिलाई प्राप्त भएका थिए । यसरी प्राप्त भएका दुवै विधेयक उपर समितिले यथासमयमै सरोकारवालाको सहभागितामा घनीभूत छलफल गरी आवश्यक परिमार्जनसहित सर्वसम्मतिले पारित गरी सोको प्रतिवेदन प्रतिनिधि सभामा पेश गरेको छ (अनुसूची ३ र ४) ।

## २.३ अन्य कार्य

समितिले समय समयमा विभिन्न गोष्ठी/सेमिनार जस्ता कार्यक्रम समेत सम्पन्न गरेको छ । यस सन्दर्भमा विभिन्न समयमा समितिका विभिन्न माननीय सदस्यहरुले मानव अधिकार र संविधान कार्यान्वयन सम्बन्धी विषयमा विभिन्न जिल्लामा आयोजित कार्यक्रममा सहभागिता जनाउनु भएको छ । यसै सिलसिलामा समितिको आयोजनामा गण्डकी प्रदेशको पोखरामा मिति २०७६ असार ७ गते

पहिलो प्रादेशिक संवैधानिक सम्मेलन सफलतापूर्वक सम्पन्न गरेको छ । त्यसैगरी (कोभिड–१९) का कारण सिर्जित परिस्थितिको बारेमा भिडियो कन्फ्रेन्स मार्फत समितिका माननीय सदस्यहरुसँग छलफल गरी यसको रोकथाम, नियन्त्रण र व्यवस्थापनको लागि चाल्नुपर्ने कदमहरुको विषयमा नेपाल सरकारको ध्यानाकर्षण गराएको छ ।

## २.४ कार्यसम्पादनमा देखा परेका समस्या

- समितिको कामकारबाहीलाई चुस्तदुरुस्त र प्रभावकारी बनाउन आवश्यक अत्याधुनिक पूर्वाधारयुक्त सभाकक्ष लगायतका भौतिक स्रोत साधनको कमी रहेको छ ।
- कानून निर्माण पछिको जाँच परीक्षण (Post Legislative Scrutiny) सम्बन्धमा थालनी हुन सकेको छैन ।
- समिति सभाकक्ष, समितिका सभापति, सचिव र सचिवालयका कर्मचारीको कार्यकक्ष फरक फरक स्थानमा हुँदा कार्यसम्पादनमा असहजता भएको छ ।
- समितिको कामकारबाहीलाई प्रविधिमैत्री (Digitalized) बनाउन सकिएको छैन ।
- रुची र ज्ञानको आधारमा समितिका सदस्यहरुको छनोट नहुँदा बैठकमा माननीयहरुको सक्रियता सहभागितामा कमी देखिन्छ ।
- समितिको गतिविधिसँग सम्बन्धित पुराना अभिलेखहरुको व्यवस्थापन नभएको हुँदा संस्थागत स्मरणको कमी छ ।
- समितिलाई अध्ययन/भ्रमण, अन्तरक्रिया/छलफल लगायतका कार्यक्रमका लागि पर्याप्त बजेटको व्यवस्था हुन सकेको छैन ।
- समितिका माननीय सदस्यहरु तथा कर्मचारीहरुका लागि आवश्यक वैदेशिक भ्रमण/अध्ययन/तालिम उपलब्ध हुन सकेको छैन ।
- कानून, न्याय तथा मानव अधिकारसँग सम्बन्धित विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका दस्तावेज तथा पुस्तकहरुको पर्याप्त उपलब्धता छैन ।
- कोभिड – १९ को कारण सिर्जित जोखिमको कारण माननीय सदस्यहरुको भौतिक उपस्थितिमा बैठकहरु बस्न सकेका छैनन् र यस सम्बन्धमा प्रतिनिधिसभा नियमावलीमा भर्चुअल विधिबाट बैठक बस्न सक्ने व्यवस्था गरिएको छैन ।

# परिच्छेद–३
# निष्कर्ष तथा सुझाव

## ३.१ निष्कर्ष

मानव अधिकार मानिसको जन्मसिद्ध अधिकार हो । जुनसुकै अवस्थामा यसको संरक्षण गर्नु राज्यको दायित्व हो । यसबाट राज्य कुनै बहानामा उम्कन मिल्दैन । नेपालको संविधान र अन्य विभिन्न विषयगत नीति, कानूनमा उल्लेख भएबमोजिमका व्यवस्था कार्यान्वयन गराउन, यस सम्बन्धी नेपाल पक्ष राष्ट्र भएका महासन्धि, सन्धिहरुको कार्यान्वयनको अनुगमन गर्ने, कानून र न्यायको क्षेत्रमा सामूहिक सुधार गराई सर्वसाधारण नागरिकको न्यायमा सहज र सरल पहुँच कायम गराउन समिति प्रयासरत रहेको छ ।

नेपालको संविधानको धारा ९७ र प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७५ मा उल्लेखित काम कर्तव्य र अधिकारको सीमा भित्र रहेर यस समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गतका निकायहरु क्रमशः कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, न्याय परिषद्, न्याय सेवा आयोग, महान्यायाधिवक्ताको कार्यालय र मानव अधिकारसँग सम्बन्धित विषयमा आवश्यकता अनुसार रचनात्मक भूमिका निर्वाह गरिरहेको छ । मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति सम्बन्धी पहिलो दायित्व राज्यको हुने भएकोले त्यसको कार्यान्वयनको अवस्थाबारे अध्ययन विश्लेषण गरी आवश्यक सुझाव यस समितिले निरन्तर रुपमा सरकारलाई दिंदै आएको छ ।

समितिले विधायिकी कार्य अन्तर्गत प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ र प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५ विधेयकउपर विस्तृत रुपमा छलफल गरी यथासमयमै सर्वसम्मतिले पारित गरी सोको प्रतिवेदन प्रतिनिधि सभामा पेश गरेको छ । त्यस्तै, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रस्तावित मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कर्यियोजना (आ.व.२०७६/७७–२०८०/८१) का सम्बन्धमा विज्ञहरुसँग घनीभूत छलफल गरी उक्त कार्ययोजनामाथि आवश्यक परिमार्जनको लागि सुझाव दिइएको छ ।

कोभिड–१९ को महामारीको कारण विश्वमा मानव जातिकै अस्तित्वमाथि संकट पैदा भएको वर्तमान अवस्थामा स्वभाविक रुपमा यस समितिको कार्यसञ्चालनमा जटिलता सिर्जना भएको छ ।

यसका बावजुद पनि समिति आधुनिक सूचना प्रविधिको प्रयोग गरी आफ्नो कार्यमा क्रियाशील भइरहेको छ ।

## ३.२ सुझाव

- कोभिड १९ को कारण सिर्जित जटिल र कठीन अवस्थामा वैदेशिक रोजगारीका क्रममा विदेशमा रोजगार विहीन भई अलपत्र परेका नेपाली, भारतबाट नेपाल फर्कने क्रममा सीमामा अलपत्र परी कष्टपूर्ण र जोखिमपूर्ण जीवन जिउन बाध्य भएका नेपालीहरु र नेपालभित्रै रहेका क्वारेन्टाइनमा पनि उचित खानपान, स्वास्थ्य सुरक्षा, आवास लगायतका विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुरुप हुन नसकेकोले यथाशीघ्र सो सम्बन्धमा आवश्यक व्यवस्था गर्न नेपाल सरकारलाई निर्देश गर्ने ।
- कोभिड १९ को कारणबाट घरेलु हिँसा, बलात्कार, आत्महत्या र मनोविज्ञानमा पर्ने असरहरुको समेत सुक्ष्म ढंगले अध्ययन गरी यसको न्यूनीकरणको निमित्त आवश्यक पहलकदमी लिन नेपाल सरकारलाई निर्देश गर्ने ।
- कोभिड १९ को कारणबाट रोजगारी गुमाउनुपरेका संगठित तथा असंगठित क्षेत्रका श्रमिकहरुको जीविकोपार्जनको लागि राज्यबाट तत्काल न्यूनतम जीवनयापनका लागि आवश्यक व्यवस्था गर्न नेपाल सरकारलाई निर्देश गर्ने ।
- सातै प्रदेश र स्थानीय तहको जनप्रतिनिधिहरु र जनतासँग अन्तरक्रियात्मक कार्यक्रम गरी कानून निर्माण र कार्यान्वयनका सम्बन्धमा सुझाव लिनुपर्ने ।
- कानून निर्माण पछिको जाँच परीक्षण (Post Legislative Scrutiny) को थालनी गरी आवश्यक अध्ययन अनुसन्धान मार्फत कानूनको प्रभावकारी कार्यान्वयनमा जोड दिने ।
- प्रत्यायोजित विधायन र सरकारी आश्वासन सम्बन्धमा समितिले आवश्यक ध्यान दिनुपर्ने ।
- नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको कार्यान्वयनको अवस्था बारे अध्ययन गरी सरकारलाई आवश्यक सुझाव दिनुपर्ने ।
- मानव अधिकार उल्लंघनका घटनाहरुको विषयमा आवश्यक छानविन गरी दोषीउपर कारवाही गर्नका लागि नेपाल सरकारलाई निर्देश गर्नुपर्ने ।
- समितिलाई थप क्रियाशील र प्रभावकारी बनाउन समितिमा रहेका राजनीतिक दलका सदस्यहरुबीच निरन्तर रुपमा सहकार्य र समन्वय कायम हुनुपर्ने ।

- समितिका माननीय सदस्यहरुलाई कानूनी मस्यौदा निर्माणका सम्बन्धमा नियमित रुपमा विज्ञहरुसँग अन्तरक्रिया गराउनुपर्ने ।
- समितिलाई वैदेशिक अध्ययन/भ्रमण, अन्तरक्रिया/छलफल लगायतका कार्यक्रमका लागि पर्याप्त बजेटको व्यवस्था हुनुपर्ने ।
- सचिवालयमा सूचना बैंकको स्थापना गरी माननीय सदस्यहरुलाई आवश्यक विषयमा सूचना तथ्यांक उपलब्ध गराउनुपर्ने ।
- संसदीय अध्ययन अनुसन्धानमा विशेष जोड दिई समितिको गतिविधिसँग सम्बन्धित पुराना अभिलेखहरुलाई व्यवस्थित गर्नुपर्ने ।
- समिति सभाकक्ष र सचिवालयलाई आधुनिक पूर्वाधारयुक्त बनाउनुपर्ने ।
- संसदीय समितिको कामकारवाहीलाई प्रभावकारी बनाउन सचिवलायमा कार्यरत सम्पूर्ण कर्मचारीलाई नियमित रुपमा क्षमता अभिवृद्धिका कार्यक्रममा अनिवार्य सहभागी गराउनुपर्ने ।
- समितिको काम कारवाहीलाई सूचना प्रविधिमैत्री बनाउनु पर्ने । साथै समितिका भर्चुअल बैठकलाई कानूनी मान्यता प्रदान गर्ने सम्बन्धमा प्रतिनिधि सभा नियमावली, २०७५ मा आवश्यक संशोधन गर्नुपर्ने ।

# अनुसूचीहरु

## अनुसूची – १

### समितिमा रहनुभएका माननीय सदस्यहरुको नामावली

| क्र.सं. | मा० सदस्यहरुको नाम थर | दलीय आवद्धता |
|---|---|---|
| १ | मा० श्री कृष्ण भक्त पोखरेल (सभापति) | नेकपा |
| २ | मा० श्री अतहर कमाल मुसलमान | नेपाली कांग्रेस |
| ३ | मा० श्री उमाशंकर अरगरिया | संघीय समाजवादी फोरम |
| ४ | मा० श्री कर्मा घले * | नेपाली कांग्रेस |
| ५ | मा० श्री कलु देवी विश्वकर्मा | संघीय समाजवादी फोरम |
| ६ | मा० श्री गोमा देवकोटा | नेकपा |
| ७ | मा० श्री देव प्रसाद गुरुङ | नेकपा |
| ८ | मा० श्री देव प्रसाद तिमल्सेना* | नेपाली कांग्रेस |
| ९ | मा० श्री पदम गिरी* | नेकपा |
| १० | मा० श्री पद्‌म नारायण चौधरी (थारु) | नेपाली कांग्रेस |
| ११ | मा० श्री बालकृष्ण खाँण | नेपाली कांग्रेस |
| १२ | मा० श्री बिमला बि.क. | नेकपा |
| १३ | मा० श्री महेन्द्र कुमारी लिम्बु * | नेपाली कांग्रेस |
| १४ | मा० श्री माया देवी न्यौपाने * | नेकपा |
| १५ | मा० श्री मातृका प्रसाद यादव* | नेकपा |
| १६ | मा० श्री मिन बहादुर विश्वकर्मा | नेपाली कांग्रेस |
| १७ | मा० श्री रविन्द्र राज शर्मा | नेकपा |
| १८ | मा० श्री राजेन्द्र प्रसाद गौतम | नेकपा |
| १९ | मा० श्री रामकुमारी चौधरी* | नेकपा |
| २० | मा० श्री रामेश्वर राय यादव* | नेकपा |
| २१ | मा० श्री लक्ष्मण लाल कर्ण | राजपा |
| २२ | मा० श्री लाल बहादुर थापा | नेकपा |
| २३ | मा० श्री विष्णु शर्मा | नेकपा |
| २४ | मा० श्री शेर बहादुर तामाङ्ग | नेकपा |
| २५ | मा० श्री शेर बहादुर देउवा* | नेपाली कांग्रेस |
| २६ | मा० श्री समीना हुसेन | नेकपा |
| २७ | मा० श्री सुवास चन्द्र नेम्वाङ्ग | नेकपा |
| २८ | मा० श्री संजय कुमार गौतम* | नेपाली कांग्रेस |
| २९ | मा० श्री स्मृतिनारायण चौधरी* | नेपाली कांग्रेस |
| नोट : * विभिन्न मितिमा समितिका माननीय सदस्यहरुको हेरफेर भएको । | | |

**पदेन सदस्य**

| क्र.सं. | सदस्यको नाम, थर |
| --- | --- |
| १. | सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओली |
| २. | माननीय मन्त्री, श्री भानुभक्त ढकाल*<br>कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय |
| ३. | माननीय उप्रधानमन्त्री श्री उपेन्द्र यादव*<br>कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय |
| ४. | माननीय मन्त्री डा. शिवमाया तुम्बाहाङ्फे *<br>कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय |
| * विभिन्न मितिमा मन्त्रिपरिषद्बाट कार्यजिम्मेवारी हेरफेर भएको । | |

# अनुसुची – २

## समिति सचिवालयसँग सम्बद्ध कर्मचारीको नामवली

**समिति सचिवालयतर्फ :**

| | |
|---|---|
| डा० भरतराज गौतम | महासचिव (२०७७/०१/२२ देखि) |
| श्री गोपालनाथ योगी | कार्यवाहक महासचिव (२०७६/१२/०३ देखि २०७७/०१/२२ सम्म)/ प्रतिनिधि सभा सचिव |
| श्री मनोहर प्रसाद भट्टराई | महासचिव (२०७६/१२/०२ सम्म) |
| श्री ध्रुवप्रसाद घिमिरे | सचिवालय सचिव |
| श्री लक्ष्मण अर्याल | उपसचिव |
| श्री मेघराज अर्याल | शाखा अधिकृत |
| श्री समिर लम्साल | नायव सुब्बा |
| श्री पूजा अर्याल | खरिदार |
| श्री जयगोविन्द महर्जन | कार्यालय सहयोगी |
| श्री सपना चौधरी | कार्यालय सहयोगी |

**प्रकाशन तथा मुद्रण शाखातर्फ :**

| | |
|---|---|
| बाबुराजा महर्जन | मुद्रण अधिकृत |
| रोबन प्रजापति | मुद्रण अधिकृत |
| गम्भीरमान सिंह | सि.प्रे.टे |
| राजेन्द्र प्रसाद लामिछाने | सि.प्रे.टे |
| प्रेम बहादुर चन्द | सि.प्रे.टे |
| कृष्णकला पौडेल | प्रे.टे. |
| माधव पौडेल | प्रे.टे. |
| विनोद न्यौपाने | प्रे.टे. |
| विमला बुढा | प्रे.टे. |
| मदन गिरी | कार्यालय सहयोगी |

# अनुसुची - ३

## संघीय संसद
## प्रतिनिधि सभा
## कानून, न्याय तथा मानव अधिकार समिति

# प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ सम्बन्धी समितिको प्रतिवेदन २०७६

१. प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (यस पछि "विधेयक" भनिएको) को दफा १ को उपदफा (१) मा रहेका "२०७५" भन्ने अङ्कहरूको सट्टा "२०७६" भन्ने अङ्कहरू राख्ने।

२. विधेयकको दफा २ को खण्ड (क) तथा सो सम्बन्धमा राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम संख्या १ बाट प्रस्ताव गरिएको खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्नेः-

"(क) "अदालत" भन्नाले दफा ३ बमोजिम गठन भएको प्रशासकीय अदालत सम्झनु पर्छ।"

३. विधेयकको दफा ३ तथा सो सम्बन्धमा राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम संख्या २ बाट प्रस्ताव गरिएको दफा ३ को सट्टा देहायको दफा ३ राख्नेः-

३" <u>अदालतको गठनः</u> बमोजिमको मुद्दा ७ दफा (१) वा सो दफा बमोजिमको विषयमा पुनरावेदन सुन्नको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी देहाय बमोजिमका अध्यक्ष र सदस्य रहेको प्रशासकीय अदालत गठन गर्नेछः-

| | | |
|---|---|---|
| (क) | उच्च अदालतको मुख्य न्यायाधीश भइरहेका वा हुने योग्यता पुगेका वा नेपाल न्याय सेवाका विशिष्ट श्रेणीको पदमा काम गरेका व्यक्तिहरुमध्येबाट न्याय परिषद्को परामर्शमा नेपाल सरकारले तोकेको वा नियुक्त गरेको व्यक्ति | –अध्यक्ष |
| (ख( | नेपाल न्याय सेवाको विशिष्ट श्रेणीको पदबाट सेवा निवृत्त वा कानूनमा स्नातकोपाधि प्राप्त गरी कानून वा न्यायको क्षेत्रमा कम्तीमा बीस वर्षको अनुभव प्राप्त व्यक्तिहरुमध्येबाट नेपाल सरकारले नियुक्त गरेको एकजना | –सदस्य |
| (ग( | निजामती सेवाको विशिष्ट श्रेणीको पदबाट सेवा निवृत्त वा कुनै विषयमा स्नातकोपाधि प्राप्त गरी सार्वजनिक प्रशासनको क्षेत्रमा कम्तीमा बीस वर्षको अनुभव प्राप्त व्यक्तिहरुमध्येबाट नेपाल सरकारले नियुक्त गरेको एकजना | –सदस्य |

)२बमोजिम गठन भएको अदालतको मुकाम काठमाडौं उपत्यकामा रहनेछ (१) उपदफा ( र सो अदालतको प्रादेशिक क्षेत्राधिकार नेपाल भर हुनेछ।

मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रदेशबाट दुईसय भन्दा बढी मुद्दा (२) उपदफा (३) रहेमा त्यस प्रदेशमा नेपाल सरकारले नेपाल बमोजिमको अदालतमा दर्ता भई चालु अवस्थामा (२) उपदफा

(१) राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो प्रदेशको राजधानीमा मुकाम रहने गरी उपदफाबमोजिम अदालत गठन गर्नेछ ।

तर उपदफा बमोजिमको अदालत रहेको प्रदेशको हकमा यस उपदफा बमोजिमको छुट्टै अदालत (२) गठन गरिने छैन ।

(४)उपदफा परामर्शमा बमोजिम गठन भएको अदालतको प्रादेशिक क्षेत्राधिकार न्याय परिषद्को (३) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ। त्यसरी क्षेत्राधिकार तोक्दा सो अदालत रहेको प्रदेशको अतिरिक्त नजिकको अन्य प्रदेशको समेत क्षेत्राधिकार हुने गरी तोक्न सक्नेछ ।

बमोजिम अदालत गठन हुँदाका बखत सो अदालतको प्रादेशिक क्षेत्राधिकार भित्र (३) उपदफा (५) ) पर्ने कुनै मुद्दा उपदफा२ (३) बमोजिमको अदालतमा विचाराधीन रहेको भएमा त्यस्तो मुद्दा उपदफा ( बमोजिमको अदालतमा सर्नेछ।

४. विधेयकको दफा ४ को सम्बन्धमा राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम संख्या ३ बाट प्रस्ताव गरिएको संशोधनको व्यवस्था हटाई विधेयकको दफा ४ को सट्टा देहायको दफा ४ राख्नेः-

"४. <u>अध्यक्ष तथा सदस्यको पदावधिः</u> (१) अध्यक्ष तथा सदस्यको पदावधि दफा ५ को अधीनमा रही पाँच वर्षको हुनेछ।

मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि व्यक्तिलाई दुईपटक भन्दा बढी (१) उपदफा (२) अवधिको लागि अध्यक्ष तथा सदस्यको पदमा नियुक्त गरिने छैन्।"

५. विधेयकको दफा ५ मा राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम संख्या ४ बाट विधेयकको दफा ५ मा प्रस्ताव गरिएको संशोधनको व्यवस्था हटाई सोही दफाको उपदफा (३) मा रहेको "गरेतापनि" भन्ने शब्दको सट्टा "गरेमा" भन्ने शब्द राख्ने।

६. विधेयकको दफा ६ मा राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रमसंख्या ५ मा प्रस्ताव गरिएको संशोधनको व्यवस्था हटाई विधेयकको साविककै व्यवस्था कायम गर्ने ।

७. विधेयकको दफा २० तथा सो सम्बन्धमा राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम संख्या ६ बाट प्रस्ताव गरिएको दफा २० को सट्टा देहायको दफा २० राख्नेः-

.२०" <u>रजिष्ट्रार सम्बन्धी व्यवस्थाः</u>रही अदालतको प्रशासकीय अध्यक्षको सामन्य निर्देशन र नियन्त्रणमा (१) प्रमुखको रूपमा काम गर्न अदालतमा नेपाल न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको एक जना रजिष्ट्रार रहनेछ।

-कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः ,बमोजिमको रजिष्ट्रारको काम (१) उपदफा (२)

)क( अदालतमा दर्ता गराउन ल्याएका निवेदन तथा पुनरावेदनपत्र दर्ता गर्ने र दर्ता गर्न नमिल्ने भएमा दरपीठ गर्ने,

(ख) पुनरावेदकले कानून व्यवसायी नियुक्त गरेकोमा वकालतनामा दर्ता गर्ने ,

(ग) अदालतमा दर्ता हुन आएका पुनरावेदनपत्रमा प्रचलित कानून बमोजिम लाग्ने रकम दाखिला गराउने,

(घ) अदालतको म्याद तथा सूचना जारी गर्ने, तामेल गराउने र सो सम्बन्धमा आवश्यक निकासा दिने,

)ङ( कानून बमोजिम मुद्दाका पक्षहरुको म्याद तारीख थाम्ने र तारीखसँग सम्बन्धित व्यवस्था मिलाउने,

(च)अदालतको वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गर्ने गराउने,

अदालतको (छ)निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ज)मुद्दाको काम कारबाही सम्बन्धी अन्य कार्य गर्ने,

तोकिए (झ)बमोजिमका अन्य कार्य गर्ने।

(३)उपदफा बमोजिमको (१)रजिष्ट्रारले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार कुनै अधिकार आफ्ना मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।"

८. विधेयकको दफा २१ र २२ मा राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रमसंख्या ७ बाट प्रस्ताव गरिएको संशोधनको व्यवस्था हटाई विधेयकको साविकको दफा २१ र २२ कायम गर्ने।

९. विधेयकको अनुसूचीमा राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम संख्या ८ बाट प्रस्ताव गरिएको संशोधनको व्यवस्था हटाई विधेयकको साविककै व्यवस्था कायम गर्ने।

(कृष्ण भक्त पोखेल)
सभापति

मिति : २०७६/०३/२५

अनुसुची – ४

संघीय संसद
प्रतिनिधि सभा
कानून, न्याय तथा मानव अधिकार समिति

## प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५ सम्बन्धी समितिको प्रतिवेदन, २०७६

१. प्रमाण ऐन २०३१ लाई संशोधन गर्न बनेको विधेयक (यस पछि "विधेयक" भनिएको) को दफा ११ तथा सो सम्बन्धमा राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम संख्या ५ बाट प्रस्ताव गरिएको दफा ११ को सट्टा देहायको दफा ११ राख्नेः-

११"मृत्युकालीन घोषणा डाइङ्ग)डिक्लेरेशनः( कुनै व्यक्तिले आफू मर्न लागेको अवस्थामा होस छँदै निजको मृत्युको कारणका सम्बन्धमा मृत्यु हुनु अघि व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ। "

२. विधेयकको दफा २३ लाई हटाई त्यसपछिका दफाक्रम मिलाउने।

(कृष्ण भक्त पोखेल)
सभापति

मिति : २०७६।०८।२३

# अनुसुची – ५

# मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (२०७६/७७–२०८०/८१) को मस्यौदा उपर टिप्पणी तथा सुझाव

**परिच्छेद १**

**परिचय**

***१.१. पृष्ठभूमि:*** मस्यौदामा अन्तर्राष्ट्रिय सन्दर्भलाई मात्रै उल्लेख गरिएको छ । नेपालको मानवअधिकार सन्दर्भ तथा पृष्ठभूमिलाई पनि थप गर्दा राम्रो हुनेछ । नेपाल विगतमा दश वर्षे सशस्त्र द्वन्द्व एवं विभिन्न राजनीतिक तथा सामाजिक आन्दोलनवाट गुज्रदै वर्तमान स्थिति सम्म आएको छ । विगतका द्वन्द्वका कारकतत्व तथा परिणामहरुलाई यथोचित रुपमा सम्बोधन गरेर दिगो शान्ति स्थापना गर्ने प्रतिवद्धताहरु राज्यले दोहोऱ्याउँदै आएको छ । तर तिनको परिपालना हुन सकेको छैन । नयाँ संविधान मार्फत देश संघीय प्रणाली अन्तर्गत शासित छ । तीन तहमा गरेर ७६१ वटा सरकार क्रियाशिल छन । राज्य शक्तिको वाँडफाँडसंगै मानवअधिकार संरक्षणको दायित्व पनि तिनै तहमा वाँडिएको छ । मानवअधिकारमुखि अवधारणामा सवै तहका सरकारलाई हिंडाउने चुनौती थपिएको छ । यो राष्ट्रिय सन्दर्भमा पाँचौ मानवअधिकार राष्ट्रिय कार्ययोजना झनै महत्वपूर्ण र सान्दर्भिक छ ।

***१.२. विगतका कार्ययोजनाको समीक्षा:*** मस्यौदामा विगतका कार्ययोजनाका कारण हासिल भएका केही संस्थागत तथा कानुनी उपलब्धिको चर्चा गरिएको छ । विगतका कार्ययोजनाले मानवअधिकारका विविध आयामहरु (जस्तै नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, जोखिममा रहेका वर्ग तथा समुदायहरुका अधिकार)मा कस्तो प्रभाव पाऱ्यो तथा जनताको सर्वाङ्गिण जिवनमा कस्तो परिणाम ल्यायो भन्ने वारेमा बस्तुगत रुपमा उल्लेख गरेको देखिएन । मानवअधिकारको सम्मान, संरक्षण र परिपुर्तिको हिसावले हामी विगतमा कहाँ थियौं, अहिले कहाँ छौं, विद्यमान मानवअधिकार चुनौती के हुन र पाँचौ कार्ययोजनाको कार्यान्वयन पश्चात कहाँ पुग्दैछौं भन्ने कुराको आंकलन गर्न सकिने गरी मस्यौदामा विगतको समिक्षा आउनु पर्दथ्यो । त्यसो हुन सकेको छैन । तसर्थ विगतका कार्ययोजनाको समिक्षा र मूल्यांकनलाई जतिसक्दो बस्तुगतरुपमा राख्नु उपयुक्त हुन्छ । **कार्ययोजनाको अवधिमा कति काम सम्पन्न भयो भनी मापन गर्न सक्ने गरी प्रस्तुत गर्न उपयुक्त हुन्छ ।**

***१.३. मानव अधिकार संरक्षण सम्बन्धी व्यवस्था***

*१.३.१. संवैधानिक तथा नीतिगत व्यवस्था:* मस्यौदामा मौलिक हक तथा कर्तव्य एवं राज्यका निर्देशक सिद्धान्त तथा नीति अन्तर्गतका व्यवस्थाहरुलाई मोटामोटी उल्लेख गरिएको छ । कार्ययोजना तीनै तहका सरकारका अवयवहरुलाई मार्गनिर्देशित गर्ने महत्वपूर्ण दस्तावेज भएकोले संविधानले निर्दिष्ट

गरेका कतिपय दायित्वहरुलाई उल्लेखन गर्दा राम्रो हुन्छ । उदाहरणकालागि संविधानको धारा ५६(६)मा संघ, प्रदेश र स्थानीय तहले "मानव अधिकार तथा मौलिक हक", "कानूनी राज्य", "बहुलता र समानतामा आधारित समतामूलक समाज", "समावेशी प्रतिनिधित्व र पहिचान"समेतको संरक्षण गर्ने दायित्व किटान गरिएको छ । त्यसैगरी धारा ५१(ख) अन्तर्गत "मानव अधिकारको संरक्षण र संवर्द्धन गर्दै विधिको शासन कायम राख्ने", तथा "नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन गर्ने" नितिगत प्राथमिकता तोकिएको छ ।

*१.३.२. कानूनी व्यवस्था:* मस्यौदामा मानवअधिकारसंग प्रत्यक्ष तथा परोक्ष रुपमा सरकार राख्ने लामो फेहरिस्त प्रस्तुत गरिएको छ । स्थानिय सरकार सञ्चालन ऐन, २०७४, बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ तथा गरिबी निवारण कोष ऐन, २०६३ प्रत्यक्ष रुपमा मानवअधिकारका विषयसँग सरोकार राख्ने भएकाले कानुनहरुको सूचीमा समेट्नु राम्रो हुन्छ ।

*१.३.३. संस्थागत व्यवस्था:* मस्यौदामा मानवअधिकारको सम्मान, संरक्षण र परिपुर्तिका लागि भूमिका खेल्ने तथा प्रभावपार्ने संस्थाहरुहरुको सूची समावेश गरेको छ । सत्यनिरुपण तथा मेलमिलाप आयोग, वेपत्ता व्यक्तिको छानविन आयोग, कानुन आयोग, न्यायमा पहुँच आयोग लगायतलाई पनि उल्लेख गर्नु राम्रो हुन्छ । साथै स्थानीय तहरुहरुको वीचमा समन्वयात्मक भूमिका खेल्ने जिल्ला समन्वय समितिलाई पनि समेटन उपयुक्त हुन्छ ।

## परिच्छेद - २

## कार्ययोजनाको सोंच र उद्देश्य

***२.१. सोंच:*** मस्यौदामा ''सबै नागरिकले समावेशी, मर्यादित र समतामूलक आधारमा वास्तविक अर्थमा निर्वाध रुपमा मानव अधिकार उपभोग गर्न सक्ने स्थिति तयार गर्ने'' कुरालाई कार्ययोजनाको सोंच (भिजन)को रुपमा अगाडि सारिएको छ । भिजन (सोंच) स्टेटमेन्टको फर्मुलेशन त्यति मिलेको देखिएन । यो मिशन (लक्ष्य) स्टेटमेन्ट जस्तो देखिएको छ । यसलाई नयाँ संविधान पश्चात सरकारले अगाडी सारेको "समृद्ध नेपाल र सुखी नेपाली"को राष्ट्रिय सोंचसंगै एकाकार हुनेगरी तय गर्दा उपयोगी होला ।
**"समावेशी, समतामूलक तथा समृद्ध समाजमा प्रत्येक नेपालीले सबै मानवअधिकारको निर्वाध उपभोगमार्फत सुखी जीवनयापन"** ***(Living the happiest life by all Nepalese through unfettered enjoyment of all human rights in an inclusive, equitable and prosperous society)*** गर्न सकुन भन्ने सोंच राख्नु यस कार्ययोजनाको सन्दर्भमा उपयुक्त हुन्छ जस्तो लाग्छ ।

### *२.२. उद्देश्य*

| *मस्यौदामा राखिएको* | *परिमार्जनका लागि सुझाव* | *औचित्य* |
|---|---|---|
| १. मानव अधिकारको सम्मानसंरक्षण र , प्रवर्द्धनगर्दै विधिको शासन कायम राख्ने, | **"मानवअधिकारको सम्मान, संरक्षण र परिपुर्ति गर्ने दायित्वको परिपालनालाई सुदृढ पार्ने ।"** | *संयुक्त राष्ट्रसंघले अगाडि सारेको मानवअधिकार दायित्वको वर्गीकरणको मान्यता अनुकुल वनाउन । अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिजनित दायित्वको परिपालना गराउनु नै मानवअधिकार कार्ययोजनाको पहिलो प्राथमिकता हुने भएकाले ।* |
| २. नेपालको सविधान तथा कानूनद्वारा प्रत्याभूत मानव अधिकारको वास्तविक उपभोग सुनिश्चित गर्ने, | **"संविधान अन्तर्गत प्रत्याभूत मौलिकहकहरुको वास्तविक उपभोग गर्न सक्ने वातावरणको सृजना गर्ने ।"** | *संविधान जारी भएको चार वर्ष हुँदासम्म पनि आर्थिक, सामाजिक अधिकार लगायतका संविधान अन्तर्गतका प्रतिज्ञाहरु कार्यान्वयनमा आउन नसकेको सन्दर्भमा त्यस्ता हकहरुको व्यवहारिक कार्यान्वयनकालागि यथासक्य उपयूक्त वातावरण तयार पार्ने कुरा लाई प्राथमिकता दिन वाञ्छनिय भएकाले ।* |
| ३. मानव अधिकारप्रतिको राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय दायित्व कार्यान्वयन गर्ने, | **"मानवअधिकार प्रतिको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्व कार्यान्वयनलाई प्रभावकारी वनाउन संस्थागत सुदृढिकरण गर्ने ।"** | *मानवअधिकार दायित्व प्रति तिनै तहका सरकारलाई जवाफदेही वनाउन मानवअधिकार तथा न्यायिक संस्था, नागरिक समाज एवं सञ्चार क्षेत्रको प्रभावकारिता वढाउन वाञ्छनिय हुने भएकाले ।* |
| ४. मानव अधिकार सँस्कृतिको प्रवर्द्धन गर्ने। | **"सार्वजनिक तथा निजी क्षेत्र एवं सामाजिक जिवनका सवै पक्षहरुमा मानवअधिकार संस्कृतिको प्रवर्द्धन गर्ने ।"** | *समाजक सर्वाङ्गिण क्षेत्रमा नै मानवअधिकार संस्कृतिलाई मुलप्रवाहिकृत गर्न आवश्यक भएकाले ।* |
| **थप गर्ने** | **"विपन्न, सिमान्तकृत, अल्पसंख्यक एवं जोखिममा रहेका समुहहरुलाई समानताका आधारमा मानवअधिकार** | *खास वर्ग र समुदायलाई संविधान एवं अन्तर्राष्ट्रिय सन्धिहरुले नै विशेष ध्यान दिनु गरि व्यवस्था गरेकाले ।* |

| | | |
|---|---|---|
| | **उपभोग गर्न सक्ने गरी सबलीकृत गर्ने ।"** | |

**परिच्छेद - ३**

**कार्ययोजनाको ढाँचा र समेटिएका विषय**

***३.१. कार्ययोजनाको ढाँचा:*** बृहत् सोच तालिका (Log Frame) को ढाँचामा विषयगत आधारमा क्रियाकलाप प्रस्तुत गरिनु उपयूक्त हो । तर प्रथम कार्ययोजनाको जस्तो गरि विषयगत अवस्थाको विश्लेषण गरेर क्रियाकलाप प्रस्तुत गर्नु पर्दथ्यो । त्यसो गर्दा सम्बन्धित मानवअधिकार विषयको सन्दर्भ, विद्यमान अवस्था तथा चुनौतिको सहि बुझाईमा क्रियाकलापको चयन आधारित भएको स्पष्ट हुने थियो ।

***३.२. कार्ययोजनामा समेटिएका विषय:*** मसौदामा समेटिएका धेरै विषयहरु एकअर्कामा अन्तरसम्बन्धित छन । तिनलाई अलगअलग राख्नु भन्दा निश्चित मान्यताका आधारमा ग्रुपिङ्ग गरेर राख्दा राम्रो हुन्छ । निम्नानुसार ग्रुपिङ्ग गर्न सकिन्छ:-

| | | | | |
|---|---|---|---|---|
| १. आर्थिक सामाजिक अधिकार | २. नागरिक तथा राजनीतिक अधिकार | ३. लक्षित वर्ग तथा समुहका अधिकार | ४. संस्थागत, कानुनी तथा नितिगत सदृढिकरण | ५. मानवअधिकार शिक्षा तथा संस्कृति |

मसौदा कार्ययोजनामा कतिपय मानवअधिकार चुनौतिहरु छुटेका तथा जुन ढंगको प्राथमिकता पाउनु पर्ने हो त्यो पाउन नसकेको देखिन्छ । कार्ययोजनामा महत्वका साथ समेटिनु पर्ने विषयहरु निम्नानुसार छनः-

| **प्राथमिकता दिनु पर्ने *विषय*** | **औचित्य र कारण** |
|---|---|
| *भूमि अधिकार/भूमिमा पहुँच* | भूमिश्रोत माथिको पहुँचमा नै खाद्य तथा आवास लगायतका आर्थिक सामाजिक अधिकारको दिगो उपभोग निर्भर हुने एवं विगतको सशस्त्र द्वन्द्व एवं राजनीतिक, सामाजिक आन्दोलको कारक तत्वको रुपमा रहेको भूमि माथिको पहुँचवाट वञ्चितिलाई सम्बोधन गर्नु आवश्यक भएकाले । |
| *व्यवसाय र मानवअधिकार* | राज्यको भूमिका खुम्चिदैं र व्यवसायिक क्षेत्रको भूमिका वढदै गएको र मानवअधिकार क्षत्र पनि प्रभावित भएको सन्दर्भमा संयूक्त राष्ट्रसंघले व्यवसायिक क्षेत्रको मानवअधिकार दायित्वको परिपालना गराउन आवश्यक मार्गदर्शक सिद्धान्तहरु जारी गरेकोले । |
| *आदिवासी/अल्पसंख्यक* | आदिवासि तथा अल्पसंख्यकहरु प्रतिको अन्तराष्ट्रिय मानवअधिकार |

| | |
|---|---|
| | दायित्वलाई प्राथमिकताका साथ परिपालना गर्न वान्छनिय भएकाले । |
| *जातिय भेदभाव र छुवाछुत* | राज्यको तर्फवाट नै विशेष ध्यान नदिई सदियौं देखि जरा गाडेको जातिय भेदभाव, हिंसा र छुवाछुतलाई अन्त्य गर्न नसकिने भएकाले । |
| *लैंगिक हिंसा र भेदभाव* | लैंगिकताका आधारमा हुने महिला, यौनिक अल्पसंख्यक लगायत विरुद्ध हुने हिंसा तथा अपराधलाई यथोचित प्रथामिकता दिएर काम गर्न वान्छनिय भएकाले । |
| *सूचना र सञ्चार* | सुचना तथा सञ्चार क्षत्रको भूमिका नवढाईकन मानवअधिकार शिक्षा र संस्कृति प्रवर्द्धनको उदेश्य हाँसिल नहुने भएकाले । |
| *सिमा क्षेत्रका जनताका आर्थिक, सामाजिक अधिकार* | सिमाक्षेत्रका जनाताहरु आर्थिक, सामाजिक रुपमा सिमान्तकृत तथा परनिर्भर हुँदै जाँदा सार्वभौमिकता सुदृढिकरणमा समेत अवरोध सृजना हुने भएकाले । |
| *भ्रष्टाचार, सुशासन तथा मानवअधिकार* | भ्रष्ट्राचार र कुशासनको नकारात्मक प्रभावलाई रोकी मानवअधिकार संरक्षण र परिपुर्तिलाई प्रभावकारी वनाउन वान्छनिय भएकाले । |
| *वातावरणिय अधिकार, जलवायू परिवर्तन र विपद व्यवस्थापन* | नेपाल जलवायू परिवर्तन एवं प्राकृतिक विपदको हिसावले जोखिमपूर्ण अवस्थामा रहेकोले यस विषयलाई प्राथमिकताका साथ सम्बोधन गर्नु वाञ्छनिय भएकाले । |

*३.२.१. शिक्षा:*

- क्रियाकलाप १.२. मा केवल ९५%साक्षर हुँदैमा निरक्षरता उन्मुलन भएको कसरी मान्ने ? तसर्थ निश्चित उमेर पुरा गरेका सत प्रतिशत जनसंख्या साक्षर भएपछि मात्रै निरक्षरता उन्मुलन भएको घोषणा गर्ने व्यबस्था राख्ने ।
- क्रियाकलाप २.५. थप गरी अभिभावक तथा संरक्षकत्वविहिन तथा अभिभावक भएपनि पालनपोषण गर्न गर्न सक्ने अवस्थामा नभएका वालवालिकाको अभिभावकत्व राज्यले लिई उनिहरुलाई आवाशिय शिक्षा उपलव्ध गराउने व्यवस्था गर्ने ।
- शिक्षा क्षत्रलाई विभेद तथा हिंसामुक्त वनाउने उदेश्य थप गरी तदनुरुपका क्रियाकलाप पनि राख्ने ।
- किशोरी शिक्षालाई प्रवर्द्धन गर्ने उदेश्य थप गरी तदनुरुपका क्रियाकलापहरु राख्ने ।

*३.२.२. स्वास्थ्य र पोषण:*

- पोषणलाई स्वास्थ्यसंग जोडने भन्दा खाद्य अधिकार अन्तर्गत समेट्दा राम्रो होला ।
- संविधाानले आकश्मिक स्वास्थ्य सेवामा प्रत्येक व्यक्तिको पहुँच हुने गरी प्रत्याभूति दिएको सन्दर्भमा त्यसलाई पनि कार्ययोजनामा समेट्ने ।

- दुर्गम जिल्लामा स्वास्थ्यकर्मिको दर्वन्दि भएर पनि त्यहाँ उपलब्ध नहुने समस्याले गुणस्तरिय स्वास्थ्यमा पहुँचको अधिकारवाट नागरिकहरु वञ्चित हुनु परेको छ । यसलाई प्राथमिकता दिएर कार्ययोजनाले संबोधन गर्नु राम्रो होला ।
- ६ महिना सम्म निरपेक्ष स्तनपना र दुई वर्ष सम्म स्तनपनका साथमा पोषणयूक्त खानेकुरा नवजात शिशुको स्वास्थ्यकोलागी अपरिहार्य भएको सन्दर्भमा स्तनपान सरक्षण र प्रवर्द्धनको उदेश्यलाई पनि समेटेर तदनुरुपका क्रियाकलाप राख्दा राम्रो होला ।
- क्र.स. ५ मा सरुवा रोगको नियन्त्रण गर्ने उदेश्य राखिएको भएपनि ठोस क्रियाकलाप प्रस्तुत गरिएको छैन । घातक प्रकृतिका सरुवा रोगमा निशुल्क खोप एवं एचआईभि जस्तो घातक संक्रमक सरुवा रोगका विरामीलाई निशुल्क औषधोपचार तथा पोषण सेवा उपलब्ध गराउने क्रियाकलाप समेट्ने ।
- मानसिक स्वास्थ्य सेवामा पहुँच पुऱ्याउने भनेर ६.२. मा प्रस्तुत गरिएको क्रियाकलाप अपर्याप्त छ । मनोसामाजिक स्वास्थ समस्या आएपछि उपचार गराउने भन्दा आउनै नदिन निरोधात्मक कार्यक्रम वनाएर लागु गर्ने कुरा महत्वपूर्ण हुन्छ ।
- योग तथा ध्यानका वैकल्पिक विधिहरुलाई प्रवर्द्धन गरेर मनोसामाजिक स्वास्थ्य समस्याको रोकथाम गर्ने कुरा पनि समेट्नु उपयूक्त हुन्छ ।
- स्थानिय स्तरमा उपलब्ध स्वास्थ्य सेवा अन्तर्गत मनोसामाजिक स्वास्थ्य सेवालाई मुलप्रवाहिकृत गर्ने एवं शिक्षण संस्था एवं कार्यस्थलमा मनोसामाजिक परामर्शको सुविधा उपलब्ध गराउने क्रियाकलाप राख्ने ।
- मनोसामाजिक समस्याको समयमा नै सम्बोधन गर्न नसक्दा समाजमा आत्महत्या गर्ने प्रवृति झाँगिदै गएको छ । यस प्रवृतिका पछाडीका अन्तरनिहित कारणको पहिचान गर्ने सम्बोधन गर्ने तर्फ ठोस काम हुन सकेको छैन । तसर्थ आत्महत्या गर्ने प्रवृतिलाई मानोसामाजिक स्वास्थ्य समस्यासंग जोडेर यसको रोकथाम र नियन्त्रणका लागि आवश्यक क्रियाकलाप सञ्चालन गर्ने कुरालाई पनि कार्ययोजनाले प्राथमिकता दिनु पर्छ ।
- क्र.स. ८ अन्तर्गत विद्यमान वातावरणीय प्रभाव मुल्यांकनलाई प्रभावकारी वनाउने तथा वातावरणीय तथा सामाजिक प्रभाव मुल्यांकन गर्ने परिपाटि वसाउने सन्दर्भमा पनि क्रियाकलाप समेट्ने ।

### *३.२.३. खाद्य अधिकार:*

- उदेश्य तथा क्रियाकलापहरुमा खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐन अन्तर्गतका कतिपय महत्वपूर्ण प्रतिवद्धताहरु प्रतिविम्वित भएका छैनन ।
- शुन्य भोकमरी दिगो विकास लक्ष्यको रुपमा नेपालले पनि आत्मसात गरेको सन्दर्भमा खाद्य असुरक्षित परिवारको पहिचान गर्ने, भोकमरीको जोखिममा रहेका व्यक्ति तथा परिपारको पहिचान गर्ने कुरालाई कार्ययोजनाले प्राथमिकता साथ समेट्न् पर्दथ्यो ।

- किसानको पहिचान, खेती व्यवसाय तथा कृषिकर्मको सम्मान गर्ने, किसानका हकहितको संरक्षण गर्ने, खाद्य सम्प्रभूतालाई व्यवहारिक रुपमा नै प्रत्याभूत गर्ने, खाद्य वस्तुको आयात निर्यातलाई सन्तुलन ल्याउने, आधारभूत खाद्य वस्तुको मुल्यमा स्थिरता ल्याउने, कृषिकर्मवाट जिवन धानेका परिवारलाई जिविकोपार्जनवाट विमूख गर्ने गरी विस्थापन नगर्ने, कृषि आश्रृत परिवारलाई कृषिकर्मकालागि भूमिमा पहुँच दिने, कृषिवालीको क्षति वापत क्षतिपूर्ति प्राप्त गर्ने लगायतका व्यापक व्यवस्थाहरु ऐनमा राखिएका छन । तिनलाई व्यवहारमा अनुवाद गर्ने उदेश्य र क्रियाकलापलाई कार्ययोजनामा समेटनु जरुरी छ ।

*३.२.४. आवास*

- आवसको सन्दर्भमा कुरा गर्दा पहिलो तत्काल परिपालना गर्नु पर्ने दायित्व भित्र कसैलाई पनि उपयूक्त विकल्प नदिईकन उसको वासस्थानवाट उठिवास नलगाईने वा जवर्जस्ति विस्थापन नगर्ने कुराको व्यवहारिक प्रत्याभूति पर्दछ । जबर्जस्ति वासस्थानवाट उठिवास लगाउनु गम्भिर मानवअधिकार उल्लंघन हो । यसो गर्नु दिगो विकास लक्ष्य (जसअन्तर्गत सन् २०३० सम्म सुरक्षित आवासको पहुँचमा कम्तिमा ६०% जनसंख्यालाई पुऱ्याउने)को पनि वर्खिलाप हुन्छ ।
- संविधानको प्रस्तावनाले समाजवाद र सामाजिक न्यायको कुरा गर्छ । तर अहिले देशमा विकासको नाउँमा गरिब झुपटवस्तिहरुमा वसोवास गर्नेलाई उपयूक्त विकल्प विना डोजर लगाएर, शक्तिको प्रयोग गरेर उठिवास लगाउने प्रवृति वढ्दो छ । देशै भरी कयौं त्यस्ता वस्तिहरु उठिवासको त्रास र जोखिममा छन ।
- सुरक्षित आवासको सुविधा नपाएर जिवन निर्वाहकालागि आश्रय लिएर वसेका परिवारहरुलाई उठिवास लगाएर थप जोखिममा नलग्ने कुरा आवासको हक अन्तर्गतको "सम्मान गर्ने" दायित्वको कुरा पनि हो । यो वुझाईलाई आत्मसात गरेर कार्ययोजनाले ठोस उदेश्य तथा क्रियाकलाप अगाडी सार्नु पर्दथ्यो । त्यसमा चुकेको देखियो ।
- त्यस्ता वसोवासीहरुको सत्यतथ्यको यथोचित छानविन गरेर लगत तयार गर्ने र आवासको उपयूक्त विकल्प नदिई कसैलाई पनि उसको वासस्थानवाट उठिवास नलगाउने कार्यलाई कार्ययोजनामा समेट्नु पर्दछ ।
- साथै तिनै तहका सारकारहरुले कार्ययोजना लागु भएको ३ महिना भित्र विकासको सन्दर्भमा हुने विस्थापन सम्बन्धि संयूक्त राष्ट्रसंघीय मापदण्डअनुकुल हुनेगरी विस्थापन तथा उठिवास सम्बन्धि निर्देशिका वनाएर लागुगर्ने क्रियाकलाप राख्ने ।
- बासस्थानको अनौपचारिकता वा वासस्थान भएको जमिनको स्वामित्व वा भोगाधिकारको प्रमाणको अभावलाई आधार वनाएर कसैलाईपनि आधारभूत सेवा (जस्तै खानेपानी तथा विजुली) वाट वञ्चित गर्नु भेदभावपूर्ण कार्य हो । यसो गर्नु संविधान तथा नेपाल पक्ष भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार अभिसन्धिको वर्खिलाप हुन जाने भएकाले विना भेदभाव सवै वसोवासीलाई आधारभूत सेवासुविधामा पहुँच सुनिश्चित गर्ने गरी पनि कार्ययोजनामा परिमार्जन गर्न जरुरी छ ।

- गास तथा वासविहनि परित्यक्त तथा सहयोगापेक्षि नागरिकको अभिभावकत्व राज्यले ग्रहण गरी उनिहरुको यथोचित वासस्थान एवं भरण पोषणको व्यवस्था गर्ने कुरालाई पनि ठोस रुपमा क्रियाकलापमा समेटनु पर्ने ।
- आवासविहिन दलितलाई कानून बमोजिम बसोवासको व्यवस्था र जीविकोपार्जनका लागि जमिन उपलब्ध गराउने संवैधानिक व्यवस्थालाई निश्चित समयभित्र पूरा गर्ने गरी समय सीमा तोक्ने ।

*३.२.५. श्रम तथा रोजगार*

- कार्ययोजनाले निम्न विषयहरुलाई पनि प्राथमिकतासाथ समेट्नेः
  - वैदेशिक रोजगार ऐनका व्यवस्थाहरुलाई कडाईका साथ कार्यान्वयनमा ल्याई यस क्षेत्रमा रहेको दण्डहिनताको स्थितिलाई अन्त्य गर्ने ।
  - निशुल्क टिकट र निशुल्क भिसाको प्रावधानलाई पूर्ण परिपालना गराउने ।
  - वैदेशिक रोजगार कोषलाई पारदर्शी तरिकाले खर्च गर्ने र दुरुपयोग हुन नदिने । जोखिममा रहेका कामदारहरुले वढिभन्दा वढि लाभ उठाउने कुरालाई सुनिश्चित गर्ने ।
  - वैदेशिक रोजगारी सम्बन्धि गुनासाहरुको शिघ्र सम्बोधन गर्ने व्यवस्था गर्ने ।
  - श्रम अदालत र श्रम कार्यलयको सेवालाई देशभरी पहुँचयोग्य वनाउने ।
  - अझैपनि ज्यालामा रहेको जातिय तथा लैगिक भेदभावलाई अन्त्य गर्ने एवं न्यूनतम ज्यालाको मापदण्डको परिपालना भए नभएको आवधिक मूल्यांकन तथा अनुगमन गरी यसको परिपालना गराउने ।
  - बलपूर्वक र बाध्यकारी श्रमको रुपमा रहेका हरुवा, हलिया, चरुवा लगायतका प्रथाहरुको अन्त्य गर्ने कुरा कार्ययोजनाको समयावधिभित्र सुनिश्चित गर्ने ।

*३.१.६. बाल अधिकार र बाल न्यायः*

- कार्ययोजनाले निम्न कुरालाई पनि प्राथमिकता साथ समेट्नेः
  - वालवालिकालाई विद्यालयमा दिईने भौतिक सजायलाई अन्त्य गर्ने,
  - वालवालिकालाई अमर्यादित, अनैतिक एवं उपभोक्ताको हकहित विपरितका विज्ञापनमा लगाउने कार्यमा रोक लगाउने ।
  - वालवालिका हराउने प्रवृतिको रोकथाम तथा हराएकाको उद्धार र खोजीको कार्यलाई सशक्त वनाउने ।
  - संरक्षणगृहहरुको प्रभावकारी नियमन तथा नियन्त्रण गरी रक्षक नै पीडक वन्ने प्रवृतिको अन्त्य गर्ने ।
  - विद्यालयमा जातीय रुपमा हुने छुवाछुत र वर्गीय रुपमा हुने भेदभावको अन्त्य गर्ने कार्यक्रम समावेश गरिनुपर्ने ।

*३.२.७. सामाजिक न्यायः*

- ११. लैंगिक समानता सम्बन्धि नीति मीथ नीति थप्ने भन्दापनि भएकै नीति तथा कानूनको प्रभावकारी कार्यान्वयनलाई जोड दिएर कार्यक्रम ल्याउने हो कि?
- संकुचित हदम्याद वलात्कार अपराधमा दण्डहिनता वढाउने प्रमुख कारण मध्य एउटा हो । तसर्थ वालवालिका विरुद्धका वलात्कार अपराधमा हदम्याद नलाग्ने र अन्यमा अपराधको गाम्भिर्यता अनुरुप तथा दण्डजरिवानाको अनुपात मिल्ने गरी लचिलो हदम्यादको व्यवस्था गर्ने गरी कानूनमा संशोधन गर्ने ।
- देशभित्रै वालिकाहरुलाई आवान्छित कियाकलापमा लगाउने, चरम शोषण गर्ने तथा जिउमास्नेवेच्ने कार्य गर्ने गरिएको तथ्य विभिन्न अध्ययनहरुले देखाएको सन्दर्भमा कार्ययोजनाले यस समस्याको निदान तथा निराकरणकालागि ठोस व्यवस्था गर्नु पर्छ ।
- अपांगता तथा जेष्ठनागरिकको संरक्षणका सम्बन्धमा वनेका ऐनहरुको प्रभावकारी कार्यान्वयन गर्ने गरी ठोस क्रियाकलाप समेट्ने ।
- लैंगिक तथा यौनिक अल्पसंख्यकको संरक्षण र सशक्तिकरणकाागि ठोस काम के गर्ने हो तोकेरै राख्ने । यो अस्पष्ट भयो ।
- पिछडिएका वर्गहरुको उत्थानको लागि समुदायमैत्री बजेटको व्यवस्थालाई सुनिश्चित गर्नुपर्ने ।

### ३.२.८. सामाजिक सेवा र सुरक्षा

- *२.३. खुल्ला दिसा मुक्त घोषणाले खाली नाराको रुप लियो । पानीयुक्त शौचालयलगायतका पूर्वाधारको विकास एवं पर्याप्त जनचेतनालाई केन्द्रित गरेर कार्यक्रम सञ्चालन गर्ने कुरामा जोड दिने ।*
- *यूवाहरुको विदेश पलायन चर्को समस्या भएको छ । यसलाई सम्बोधन गर्न देश भित्रका सम्भावना तर्फ आकर्षित गर्ने गरी ठोस कार्यक्रम समेट्ने ।*
- सकारात्मक विभेदको नीति अवलम्बन गर्ने गरी दलित समुदायलाई सामाजिक सुरक्षा भत्ता योजनामा समावेश गरिनुपर्ने ।

### *३.२.९. लक्षित वर्गको संरक्षण, सशक्तिकरण र विकास*

- आदिवासी जनजातिका अधिकार संरक्षणका सम्बन्धमा निम्न कुरामा जोड दिने:
    - उनीहरुको जीवनलाई प्रभावित पार्ने विकास आयोजनाको सञ्चालन गर्नु अगाडी परामर्श गर्ने तथा स्वतन्त्र, पूर्व तथा सुसुचित सहमति लिने मान्यतालाई कानुनमा स्थापित गर्ने ।
    - आवश्यकता अनुसार क्षतिपुर्ति उपलव्ध गराउने व्यवस्था गर्ने ।
    - प्राकृतिक श्रोतसाधन माथिको पहुँचका कानुनी अडचनहरुलाई पुनरावलोकन गर्ने ।
    - परम्परागत ज्ञान सीपको अभिलेखिकरण, प्रवर्द्धन तथा संरक्षण गर्ने ।

- भूमिहिन दलितलाई आवासका अतिरिक्त कृषिकर्मकालागी पनि भूमिमा पहुँच दिने व्यवस्था गर्ने ।
- ५. कृषिमा आश्रृत मुक्त कमैया, मुक्त कमलरी, मुक्त हलिया, हरुवा तथा चरुवा लगायतलाई भूमिमा पहुँच सहितको पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने ।

*३.२.१०. वातावरण र दीगो विकास*

- ३.३. वन्यजन्तुको आक्रमणवाट पीडितलाई राहत मात्रै होईन कि संरक्षित वन्यजन्तुवाट हुने मानविय, भौतिक तथा वालिनालीमा पुग्ने हानिनोक्सानी विरुद्ध पर्याप्त क्षतिपूर्ति दिने कुरालाई समेट्ने ।
- वाढी नदिकटान लगायतका कारण खेतियोग्य नम्बरी जग्गा राष्ट्रिय निकुन्जमा पर्न गई आफ्नो स्वामित्वमा रहेको जमिन दशकौं देखि उपभोग गर्न नपाएका (जस्तै वर्दिया राष्ट्रिय निकुन्जको मध्यवर्ति क्षेत्रमा पर्ने गरुवा गाउँपालिकाका सयौं थारु तथा अन्य आदिवासी किशानहरु) किसानहरुको लगत तयार गरी उपयूक्तताको आधारमा उनिहरुको जमिनमाथिको पहुँच र नियन्त्रण पुनःस्थापित गर्ने तथा उक्त जमिनको प्रचलित मुल्य एवं हालसम्म उपभोग गर्न नपाएवापत पर्याप्त क्षेतिपूर्ति पीडित किसानलाई दिई उक्त जमिनमाथि विधिवत राष्ट्रिय निकुञ्जको स्वामित्व कायम हुने व्यवस्था गर्ने गरी ठोस क्रियाकलाप कार्ययोजनामा समेटुने ।

*३.२.१२. कानूनी सुधार र न्याय प्रशासन*

- तिनै तहमा हुने कानुन तर्जुमा तथा निर्माणलाई खुल्ला, पारदर्शि तथा परामर्शयूक्त वनाई त्यस्तो कानुनमाथि सवै सरोकारवालाको अपनत्व वढाएर कार्यान्वयनयोग्य वनाउनकालागी ठोस कानुनी व्यवस्था गर्ने ।
- २. कानुनी सहायताको नीति तथा कार्यक्रमलाई सामाजिक कानुनी सहायताको अवधारणा अनुरुप परिमार्जन गर्ने ।
- समग्र न्याय क्षेत्रलाई समन्वयात्मक ढंगले अगाडी वढाउनकालागी समग्र न्याय क्षेत्रको प्रभावकारिता र विकासका लागि अलगै रणनीति वनाई कार्यान्वयनमा ल्याउने ।
- न्यायमा पहुँच आयोगलाई सर्वोच्च अदालतको एउटा अवयवको रुपमा सिमित राख्नुभन्दा एउटा स्वतन्त्र र सक्षम निकायका रुपमा विकास गर्ने ।
- उच्च अदालतका फैसलाको पनि प्रकाशनलाई प्रवर्द्धन गर्ने ।
- उच्च अदालतको तहमा रिट तथा सार्वजनिक सरोकारको विवादको अभ्यासको वारेमा अध्ययन अनुसन्धान गर्ने ।

*३.२.१३. हिरासत तथा कारागार सुधार*

- ५. कैदीवन्दीको लागी पर्याप्त मानसिक तथा शारिरिक स्वास्थ्योपचारको प्रवन्ध गर्ने गरी ठोस व्यवस्था गर्ने ।
- कैदीवन्दी राख्ने ठाउँ तथा भौतिक संरचनाको राष्ट्रिय मापदण्ड वनाई तदनुरुप हुने गरी समायोजन, परिमार्जन तथा सुधार गर्ने ।

*३.२.१४. संक्रमणकालीन न्याय*

- *निम्नकुराहरु ठोस रुपमा आउनु पर्‍यो:*
    - समयसिमा तोकेर पीडित समुदाय, नागरिक समाज तथा राष्ट्रिय मानवअधिकार आयोग लगायतसंग परामर्श गरेर संक्रमणकालिन न्याय सम्बन्धि कानुनलाई सर्वोच्च अदालतका फैसला तथा अन्तराष्ट्रिय मान्यता अनुरुप संशोधन परिमार्जन गर्ने ।
    - परामर्शयुक्त प्रकृयाद्धारा संक्रमणकालिन न्याय सम्बन्धि दुवै आयोगहरुमा पदाधिकारी नियुक्ति गर्ने ।
    - आयोगकालागि चाहिने श्रोतसाधनहरुको यथोचित व्यवस्था गर्ने ।
    - गम्भिर मानवअधिकार उल्लंघनका पीडित तथा साक्षीको संरक्षणका लागि विशेष कार्यक्रम वनाई लागु गर्ने ।
    - पीडितको आवश्यकताअनुसार संघ, प्रदेश तथा स्थानिय सरकारले द्वन्द्वपीडितलाई व्यक्तिगत तथा सामुहिक परिपुरणको कार्यक्रम वनाएर लागु गर्ने ।
    - परिपुरणलाई भविश्यमा आयोगले गर्ने सिफारिसमा निर्भर वनाउनु न्यायपूर्ण नहुने ।
    - आर्थिक, सामाजिक अधिकारका न्यूनतम आधारभूत कुरा (मिनिमम कोर एलिमेन्ट) सुनिश्चित गर्नु राज्यको तत्कालिक दायित्व हुने भएकाले द्वन्द्वपीडितको हकमा पनि तदनुरुप नै व्यवस्था गर्ने ।
    - मानवअधिकार उल्लंघनमा संलग्नलाई निर्वाचनमा उमेदवार वन्न, सार्वजनिक सेवामा नियुक्त तथा मनोनयन हुन अयोग्यता सृजना गर्ने गरि भेटिङ्गसम्बन्धि कानुन बनाएर लागु गर्ने ।

*३.२.१५. मानव अधिकार सम्बन्धी सिफारिश, सुझाव कार्यान्वयन*

- सर्वोच्च अदालतको आदेश (वेपत्ता सम्बन्धि), पुनर्स्थापित प्रतिनिधि सभावाट पारित गरिएको संकल्प प्रस्ताव (रोमविधान अनुमोदनका सम्बन्धमा) तथा समयसमयमा सन्धिजनित समितिले गरेका सिफारिस तथा मानवअधिकार अबस्थाको विश्वव्यापि आवधिक समिक्षापश्चातका सिफारिस समेतलाई दृष्टिगत गरि आप्रवाशी कामदारका अधिकार सम्बन्धि महासन्धि एवं अन्तरदेशिय संगठित अपराध सम्बन्धि प्रोटोकलको अनुमोदनका अतिरिक्त निम्न सन्धि सम्झौताहरुको अनुमोदनलाई कार्ययोजनाले प्राथमिकता दिने:-
    - अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान
    - वेपत्ता पार्ने कार्य विरुद्धको महासन्धि
    - आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार अभिसन्धिको ईच्छाधिन आलेख

- ○ यातना विरुद्ध महासन्धिको ईच्छाधिन आलेख
- २.४. संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिले देश भित्र न्याय नपाएका एक दर्जन भन्दा वढि मुद्दामा आफ्नो निर्णय दिईसकेको छ । ति निर्णयहरुको कार्यान्वयनलाई पनि कार्ययोजनामा समेटने ।

*३.२.१६. मानव अधिकार शिक्षा*

- निजी तथा सार्वजनिक एवं सामजिक जीवनका हरेक तह र तप्कामा मानवअधिकार शिक्षा र संस्कृतिलाई मूलप्रवाहित गर्न नागरिक समाज, सञ्चार जगत, पेशागत संघसंगठन एवं व्यवसाय क्षेत्रको भूमिकालाई अभिवृद्धि गर्ने क्रियाकलापहरु समेट्ने ।

**परिच्छेद -४**

**कार्ययोजनाको कार्यान्वयन र अनुगमन**

- कार्ययोजनाको कार्यान्वयनको अनुगमन तथा मूल्यांकनकालागि आन्तरिक तथा वाह्य गरि दुई तहका संयन्त्रको व्यवस्था हुँदा राम्रो हुन्छ । अनुगमन आफैमा योजना कार्यान्वयनको पाटो पनि भएकाले सरकारी निकाय तथा पदाधिकारीहरुको नेतृत्वमा तहगतरुपमा (अहिले प्रस्ताव गरिए जस्तो) संयन्त्र वनाएर कार्यान्वयनको समन्वयन गर्ने, रेखदेख गर्ने तथा अनुगमन गरेर आवश्यक परिमार्जन र समायोजन गर्ने कार्यादेश सुम्पन सकिन्छ ।
- साथै समग्र कार्ययोजनाको कार्यान्वयनलाई मानवअधिकारका राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्डको कसीमा अनुगमन तथा मुल्यांकन गर्नकालागि र सरकारका निकायहरुलाई जिम्मेवार र जवाफदेहि वनाउन राष्ट्रिय मानवअधिकार आयोगको नेतृत्वमा अन्य आयोग, नागरिक समाज, प्राज्ञिक क्षेत्र, पेशागत संघसंगठन एवं सञ्चार जगतको समेत प्रतिनिधित्व हुनेगरी स्वतन्त्र अनुगमन संयन्त्रको व्यवस्था समेत कार्ययोजनामा राख्न उपयुक्त हुने देखिन्छ ।
- अनुगमन सम्बन्धी हालको व्यवस्थालाई पुरै हटाउन पर्ने देखिन्छ । कार्यान्वयनमा सहजीकरण गर्नुपर्ने मुख्य जिम्मेवारी भएका पदाधिकारीलाई अनुगमनको जिम्मा दिनुहुँदैन । केन्द्रमा प्रतिनिधि सभा, कानून, न्याय तथा मानव अधिकार समितिको नेतृत्वमा राष्ट्रिय मानव अधिकार आयोगका सदस्य, मानव अधिकारकर्मीहरु रहेको स्वतन्त्र र निष्पक्ष अनुगमन संयन्त्र बनाउनुपर्ने देखिन्छ ।